का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ मंसिर २०८१,
बुधबार
4 December, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २८५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

प्रधानमन्त्रीको चीन भ्रमण

# बहुप्रतीक्षित बीआरआईमा छलफल बढेन

मंगलबार प्रधानमन्त्री ओली र चिनियाँ समकक्षी ली छ्याङबीच भएको भेटवार्तापछि २ देशका अधिकारीहरूले ९ बुँदे समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । तर, त्यसमा बीआरआईको विषयमा केही उल्लेख छैन



चीनको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली मंगलबार बेइजिङमा चीनका राष्ट्रपति सी चिनपिङसँग भेट गर्दै । तस्बिर : प्रधानमन्त्रीको सचिवालय

निमिष झा/मध्यान्ह
काठमाडौं, १८ मंसिर ।

नेपालमा निकै चर्चा भएको चीनको बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई)बारे प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको क्रममा कुनै समझदारी भएको छैन ।

नेपालले निकै महत्त्वका साथ हेरेको बीआरआईबारे चिनियाँ प्रधानमन्त्री ली छ्याङसँगको भेटवार्तामा कुनै छलफल बढेको छैन ।

प्रधानमन्त्रीको भ्रमणअघि नै सत्ता गठबन्धनका २ दल नेपाली कांग्रेस र एमालेले चीनसँग सहमति र समझदारी गर्नका लागि फ्रेमवर्क तयार पारेका थिए । तर, उक्त फ्रेमवर्कअनुसारको समझदारीपत्रमा रहेको 'ग्रान्ट फाइनान्सिङ'बाट चिनियाँ पक्षले 'ग्रान्ट' काटेपछि नेपाल पछि हटेको छ । नेपाल 'साल्लाह गर्ने' मुडमा रहेको भ्रमणमा सहभागी एक अधिकारीले जनाए ।

कांग्रेसले बीआरआईअन्तर्गत ऋण लिन नहुने बताउँदै आएको थियो । कांग्रेसको अडानपछि बीआरआईमा साझा धारणा बनाउन कार्यदल बनाइएको थियो । चिनियाँ पक्षसँग अनौपचारिक छलफल र परामर्श गरेर नै फ्रेमवर्क तयार पारिएको कार्यदलका

पृष्ठ २ मा

## रेलमार्गलाई अघि बढाइने

दुवै देशले केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययनलाई निरन्तरता दिन तयार भएका छन् । यसका लागि चीन-नेपाल रेलमार्ग सहकार्यअन्तर्गत दुवै देशको संयुक्त कार्यसमूहको नवौं बैठक तय भएको छ । रेलमार्ग क्षेत्रमा नेपालीको दक्षता अभिवृद्धि गर्न चीनले सहयोग जारी राख्ने भएको छ । संयुक्त वक्तव्यमा लेखिएको छ, 'दुवै पक्षले केरुङ-काठमाडौं सीमापार रेलमार्गको सम्भाव्यता अध्ययनलाई निरन्तर अगाडि बढाउने इच्छा व्यक्त गरेका छन् र चीन-नेपाल रेलवे सहयोगमा नवौं कार्य बैठक आयोजना गर्ने योजना तय गरेका छन् । चिनियाँ पक्षले नेपाललाई रेलमार्ग क्षेत्रका पेसाकर्मीहरूलाई तालिम दिन सहयोग जारी राख्ने छ ।' चीनको केरुङदेखि नेपालको राजधानी

पृष्ठ २ मा

## ९ समझदारीपत्रमा हस्ताक्षर

प्रधानमन्त्रीको भ्रमणको क्रममा ९ बुँदे समझदारीपत्रमा हस्ताक्षर भएको छ । कनेक्टिभिटी, उद्योग/व्यापार, पूर्वाधार, कृषि, विज्ञान तथा प्रविधिलगायतका विषयमा सहयोग आदानप्रदान गर्ने विषयमा समझदारी भएको

पृष्ठ २ मा

## ९ अर्ब अनुदान सहयोग

चीनले नेपाललाई ९ अर्ब रुपैयाँ अनुदान सहयोग गर्ने घोषणा गरेको छ । प्रधानमनि ओली

पृष्ठ २ मा

### यस्ता छन् समझदारीपत्र

१. टोखा- छहरे सुरुङ मार्गसम्बन्धी पत्र आदानप्रदान
२. नेपाल चीनबीच व्यापार अभिवृद्धिसम्बन्धी समझदारीपत्र
३. नौ तले वसन्तपुर दरबार पुनर्निर्माण सम्पन्न प्रमाणपत्रको आदानप्रदान
४. नेपालबाट भैंसीको मासु निर्यातसम्बन्धी प्रटोकल
५. विकास योजनासम्बन्धी समझदारीपत्र
६. नगद सहयोगसम्बन्धी पत्र आदानप्रदान
७. आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी समझदारी
८. स्वयंसेवी चिनियाँ भाषा शिक्षकसम्बन्धी प्रवर्द्धनसम्बन्धी समझदारीपत्र
९. नेपाल टेलिभिजन र चिनियाँ मिडिया ग्रुपबीच संचार प्रविधिसम्बन्धी समझदारीपत्र

# शेखरको शक्ति प्रदर्शन




दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १८ मंसिर ।

नेपाली कांग्रेसको संस्थापन पक्ष र संस्थापनइतरको द्वन्द्व फेरि चर्किएको छ ।

संस्थापनइतर समूहका नेता डा. शेखर कोइरालाले विराटनगरमा आफू पक्षीय नेता तथा कार्यकताहरूको भेला बोलाएपछि २ समूहबीचको द्वन्द्व फेरि सतहमा आएको छ ।

संस्थापन समूहले सोमबार भेला रोक्न गरेको आग्रह बेवास्ता गर्दै कोइराला समूहले विराटनगरमा कोशी प्रदेशस्तरीय भेला गरेको हो । विराटनगरको जैन भवनमा भएको भेला बुधबारसम्म चल्ने छ ।

पालिका सभापतिहरूको भेला भनिए पनि संस्थापन पक्ष सहभागी भएको छैन । कांग्रेस विराटनगर नगरसभापति तथा कोइराला पक्षका नेता दीपक चापागाईंले सभापतिको भेलामा प्रदेशभरका पालिका सभापतिहरू सहभागी भएको दाबी गरे ।

कोशी प्रदेशका १३७ वटै पालिकाका सभापतिहरूलाई भेलामा निम्तो दिइएको थियो, जसमध्ये १०० भन्दा बढी पालिका सभापतिहरू उपस्थित रहेका नेता चापागाईंले बताए ।

पार्टीले औपचारिक रूपमा जानकारी गराएपछि शेखर समूहले बोलाएको भेलामा उपस्थित हुने वा नहुनेमा पालिका सभापतिहरू अन्योलमा परेका थिए ।

भेलामा कोइराला समूहबाट पालिकामा जितेका सभापति र पदाधिकारीहरू सबै सहभागी छन् । कोशी प्रदेशमा कोइराला समूहका ६० भन्दा बढी पालिका सभापतिहरू छन् । पालिका

> "हरेक संकटमा विराटनगर जागेको छ । आज कांग्रेस कमजोर भएको अवस्थामा विराटनगरले सन्देश दिन खोजेको हो"
>
> **गुरुराज घिमिरे**
> नेता, नेपाली कांग्रेस

सभापतिहरूलाई अधिकार दिनसके मात्र पार्टीलाई बलियो बनाउन सकिने कोइरालाको तर्क छ ।

संस्थापन पक्षले कोइराला समूहको भेलालाई अवैध भनेको छ । केन्द्रीय कार्यालयले कोशी प्रदेशमा २२ मंसिरसम्म कुनै औपचारिक कार्यक्रम नभएको जनाउँदै त्यसबाहेकका कुनै पनि कार्यक्रम नगर्न सूचना जारी गरेको थियो । कांग्रेसले २२ मंसिरमा विराटनगरमै प्रथम प्रदेश सम्मेलन गर्दै छ । सम्मेलनको उद्घाटन सभापति शेरबहादुर देउवाले गर्ने छन् ।

बुधबारसम्म चल्ने भेलामा पार्टीको महाधिवेशन समयमै सम्पन्न गर्नुपर्ने, सबै भ्रातृ संस्थाका अधिवेशन गराउनुपर्नेसहितका विषयमा छलफल भएको कोइराला समूहका नेता गुरुराज घिमिरेले बताए ।

'हरेक संकटमा विराटनगर जागेको छ । आज कांग्रेस कमजोर भएको अवस्थामा विराटनगरले सन्देश दिन खोजेको हो', उनले भने ।

नेता घिमिरेले पार्टीको आन्तरिक विधान, नगर र गाउँ समितिको अधिकार, पार्टी संगठनको अवस्था, उम्मेदवार छनोट प्रक्रिया, कार्यकर्ताको प्रशिक्षण आदिका विषयमा छलफल केन्द्रित भएको बताए ।

'यस्ता प्रकारका भेला गर्न पार्टी विधानले रोकेको छैन', उनले भने, 'सकुर्लरको अर्थ छैन ।' भेला गुटगत नभएको दाबी गर्दै उनले विधानअनुसार नै भएको तर्क गरे ।

घिमिरेले कांग्रेसको विधानको हवाला दिएर पार्टीका पालिकास्तरीय समितिहरूले गरेको कार्यक्रमलाई अवरोध गर्न खोज्नु दुर्भाग्य भएको टिप्पणी गरे । कांग्रेसको विधानमा संगठनलाई चलायमान बनाउन तल्ला तहहरूले कुनै कार्यक्रम गर्न नपाउने भन्ने उल्लेख नभएको उनको

पृष्ठ २ मा

NPL आजको खेल

कर्णाली याक्स VS काठमाडौं गोर्खाज
बिहान ९: १५ बजे

विराटनगर किंग्स VS लुम्बिनी लायन्स
दिउँसो १: १५ बजे

उपनिर्वाचनको सन्देश

# २०८४ लाई मार्गदर्शक




अस्मिता बम/मध्यान्ह
काठमाडौं, १८ मंसिर ।

राजनीतिक दलहरू स्थानीय तहका विभिन्न ४१ पदमा भएको उपनिर्वाचनको परिणामको समीक्षामा छन् । सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले निर्वाचनको परिणामबारे औपचारिक रूपमा केही बोलेको छैन ।

प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसले लोकतन्त्रमा सत प्रतिशत जितको अपेक्षा लोकतान्त्रिक सोच नहुने बताएको छ ।

पर्टीका महामन्त्री विश्वप्रकाश शर्माले विज्ञप्ति निकालेर जित र हार बेहोरेका सबै स्थानका कारण र वस्तुगत

पृष्ठ २ मा

# चीनसँगको चुलिँदो व्यापार घाटा



चीनसँगको व्यापार समझदारीमा पनि व्यापार विस्तार नै भनियो, चीनसँगको समझदारीले समेत भारतमार्फत भएको आयातलाई मात्र ट्रान्सफर गर्ने भएको छ

■ डा. चन्द्रमणि अधिकारी
अर्थविद्



२ देशबीचको कूटनीतिक तहबाटै चीनसँगको व्यापारमा देखिएका समस्यालाई समाधान गर्न आवश्यक छ, आयात धेरै छ तर निर्यात छैन

■ रामचन्द्र पराजुली
महासचिव, हिमालय सीमापार वाणिज्य संघ



भन्सार नै महँगो छ । क्यारेन्टाइनमा समस्या छ, त्यसैले नेपालको व्यापार घाटा बढ्दो छ

■ कुमार कार्की
अध्यक्ष, नेपाल राष्ट्रिय व्यवसायी महासंघ

विस्तृत समाचार पृष्ठ १२ मा...

वैदेशिक रोजगार विशेष

# अवैधानिक कामदारलाई ६० दिने अवसर

अन्जान गुभाजु/मध्यान्ह
साउदी अरेबिया, १८ मंसिर ।

साउदी अरेबियाले आफ्नो मुलुकमा अवैधानिक रूपमा बसेका विदेशी कामदारलाई २ महिनाभित्र वैधानिक भएर काम गर्न पाउने अवसर दिएको छ । साउदी अरेबियामा रोजगारदाता कम्पनीले कम्पनीमा अनुपस्थित रहेको भनी अनलाइन सिस्टममा रिपोर्ट भएकालाई हुरुब भएको भन्ने गरिन्छ ।

साउदी अरेबियाको मिनिस्ट्री अफ ह्युमन रिसोर्स एन्ड सोसल डेभलपमेन्टले हुरुब लागेका कामदारहरूलाई गत १ डिसेम्बरदेखि आगामी २९ जनवरीसम्म ६० दिनको अवधि दिएको छ । उक्त अवधिमा किवा प्रणालीबाट हुरुब हटाई नयाँ कम्पनीमा जान पाइने छ ।

नेपाली दूतावास साउदी अरेबियाले उक्त अवसरको फाइदा लिन अवैधानिक अवस्थाका नेपालीलाई आग्रह गरेको छ ।

किवा रोजगारदाता र कामदारबीच सम्बन्ध स्थापित, नियमित र संचालन गर्न साउदी सरकारद्वारा विकास गरिएको अनलाइन वेबसाइट वा प्लेटफर्म हो । किवा वेबसाइटमार्फत कामदारले कार्यअनुभवको प्रमाणपत्र प्राप्त गर्न, आफ्नो रोजगार सम्झौता हेरी स्वीकार/अस्वीकार/पुनरावलोकन गर्न, रोजगारी अन्त्य गर्न, नयाँ कम्पनीहरूबाट रोजगारीको अनुरोध प्राप्त गर्नलगायतका धेरै सुविधाहरू प्राप्त गर्न सकिन्छ ।

उक्त प्लेटफर्म वा वेबसाइटमार्फत आफ्ना जिज्ञासाहरू समाधान गर्न साउदीको लेबर अफिसमा अपोइन्टमेन्ट लिनसमेत सकिने व्यवस्था गरिएको साउदी मानव संसाधन मन्त्रालयले जनाएको छ ।

हुरुब हटाई नयाँ कम्पनीमा काम गर्न किवा सिस्टममा खाता खोली नयाँ कम्पनीबाट किवामा ट्रान्सफरका लागि रोजगार सम्झौतासहितको अनुरोध गर्नुपर्छ । किवामा जोडिएपछि कामदारले

पृष्ठ २ मा

## कार्तिकमा सबैभन्दा धेरै कामदार पठाउनेमा प्याराडाइज पहिलो, एसओएस दोस्रो र नील कमल तेस्रो

**काठमाडौं/मस-** गत कार्तिक महिनामा ४ दर्जनभन्दा केही बढी म्यानपावर कम्पनीले मात्र १०० भन्दा बढी कामदार वैदेशिक रोजगारीमा पठाउन सकेका छन् ।

प्याराडाइज इन्टरनेसनल प्रा. लि. सबैभन्दा धेरै कामदार पठाउने म्यानपावर कम्पनीको शीर्ष स्थानमा रहेको छ । उक्त कम्पनीले कार्तिक एकै महिनामा ५७५ जना कामदार वैदेशिक रोजगारीमा पठाउन श्रम स्वीकृति लिएको छ । यस्तै, कार्तिक महिनामा सबैभन्दा धेरै कामदार पठाउने म्यानपावरको दोस्रो सूचीमा एसओएस म्यानपावर सर्भिस प्रा. लि. (४९१ जना) तेस्रोमा नील कमल ह्युमन रिसोर्स प्रा. लि. (४६५ जना) रहेको छ ।

अघिल्ला महिनाहरूमा मासिक ६ दर्जनभन्दा बढी म्यानपावर कम्पनीले मासिक १०० जनाभन्दा बढी कामदार वैदेशिक रोजगारीमा पठाउने गरेकामा संस्थागत रूपमा वैदेशिक

पृष्ठ २ मा

बहराइनमा हेभी डाईभरहरू, डिजेल मेकानिक र इलेक्ट्रिशियनलाई रोजगारको अवसर

कम्पनी: ARROW EXPRESS | शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८१/०८/१६ | चलानी नं.: ६०२२९१३१ | L.T. No.: 314762

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ७१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Diesel Mechanic | 2 | 0 | | 200 | ७१,७३० | | | | | | | |
| 3. | Electrician | 2 | 0 | | 200 | ७१,७३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २६ गते (11 December 2024) मा हुनेछ ।

Note: ; सबै जिसिसि भयालिड लाइसेन्सले मात्र सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BRIDGE SKY
श्रम इजाजत नं. ५७३/०६२/०६३

ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.cOom.np Website: www.bridgeskyint.com.np

# झुलाघाटमा मोटरेबल पुलसहितका परियोजना निर्माणका लागि पहल

**काठमाडौं/मस**-भारत भ्रमणको क्रममा रहेका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले बैतडीको झुलाघाटस्थित नेपाल-भारत सीमानदी महाकालीमा मोटरेबल पुल निर्माण कार्य अघि बढाउने विषयमा छलफल गरेका छन् ।

उनले भारतीय विदेशमन्त्री यश जयशंकरसँगको भेटमा पुल निर्माणको काम चाँडै सुरुवात गर्न आग्रह गरेका हुन् । विदेशमन्त्री जयशंकरले पुल निर्माणका विषयमा हालसम्म भएका उपलब्धिहरूको अध्ययन गरी थप प्रक्रिया द्रुत गतिमा अघि बढाउने विश्वास दिलाए ।

मन्त्री भण्डारीको गृह जिल्लासमेत रहेको बैतडीको झुलाघाटमा मोटरेबल पुल निर्माण भएमा बैतडीका साथै सुदूरपश्चिमका ७ पहाडी जिल्लाहरुका लागि व्यापार तथा पर्यटन प्रवर्द्धन हुने बताइएको छ । उक्त क्षेत्रमा आवतजावत सहज भएमा नेपाली उत्पादनले बजार पाउनुका साथै उपभोग्य वस्तुहरु सुलभ मुल्यमा प्राप्त गर्न सजिलो



हुनेछ ।

भारत भ्रमणका क्रममा मन्त्री भण्डारीले भारतीय पक्षसँग सीमा समस्याहरू समाधानका विषयमा छलफल गरेका छन् । यसका साथै कञ्चनपुरस्थित दोधारा चाँदनी सुख्खा बन्दरगाह निर्माण, अमलेखगन्ज-चितवन पेट्रोलियम पाइपलाइन, महोत्तरी-सर्लाही एलपीजी पाइपलाइन निर्माणलगायतका विषयमा छलफल भएको छ ।

मन्त्री भण्डारीले गत साउनमा पहिलो पटक भारत भ्रमण गर्दा भारतीय पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप पुरीसँग भारतीय लगानीमा पेट्रोलियम पाइपलाइन निर्माणको पहल गरेका थिए । फलस्वरूप भारतले नेपाललाई उक्त परियोजनाका लागि १५ अर्ब रकम अनुदान दिन औपचारिक रूपमा सहमति गरेसँगै परियोजना निर्माणको काम अघि बढेको छ । अहिले उक्त परियोजनामा नेपाल र भारत पक्षले आ-आफ्नो तहबाट काम गरिरहेको नेपाल आयल निगम लिमिटेडले जनाएको छ ।

भारतको वाणिज्य तथा उद्योग मन्त्रालय र भारतीय उद्योग परिसंघले नयाँ दिल्लीमा आयोजना गरेको २९औं साझेदारी शिखर सम्मेलन सहभागी भएका मन्त्री भण्डारीले नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ताहरूले आफ्नो लगानीको नाफा र पुँजीको 'ग्यारेन्टी'सहित उच्च दरमा प्रतिफल प्राप्त गरिरहेको बताएका छन् ।

उनले नेपालमा नवप्रवर्तन, उद्यमशीलता र लगानीलाई प्रवर्द्धन गर्न सक्षम व्यापारिक वातावरण सिर्जना गर्न प्रतिबद्ध रहेको बताए । मन्त्री भण्डारीले शिखर सम्मेलनमा भएको छलफल र विचार विमर्शले दिगो विकास, नवप्रवर्तन, प्रविधि हस्तान्तरण र समृद्धिलाई अगाडि बढाउन अर्थपूर्ण साझेदारीका लागि मार्ग प्रशस्त गर्नेमा विश्वास व्यक्त गरेका छन् ।

'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय नारासहित नेपालले पर्यटन, जलविद्युत्, कृषि, औषधि र सुगन्धित वनस्पति, सूचना प्रविधि तथा उत्पादन जस्ता क्षेत्रमा लगानीका प्रशस्त अवसर प्रदान गरिएको उनले बताएका छन् । नेपालमा पर्यटन र प्रत्यक्ष वैदेशिक लगानीका हिसाबले भारत सबैभन्दा ठूलो स्रोत देश रहेको उनले बताए ।

# नेपाली श्रमिकलाई २४ घण्टा बीमाका लागि कतारसँग आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ मंसिर ।

उपराष्ट्रपति रामसहायप्रसाद यादवले कतारमा काम गरिरहेका नेपाली श्रमिकलाई २४ घण्टा बीमाको व्यवस्था मिलाउन कतार सरकारसँग आग्रह गरेका छन् । लैनचौरस्थित उपराष्ट्रपति कार्यालयमा मंगलबार आफूसँग भेट गर्न आएका नेपालका लागि कतारका राजदूत मिसालबिन मोहम्मद अली अल अन्सारीलाई उपराष्ट्रपतिले त्यहाँ मृत्यु वा घाइते भएका नेपाली श्रमिकको उद्धार र उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा विभिन्न अस्पताल, निर्वासन केन्द्र र जेलमा रहेका नेपालीलाई आवश्यक सहयोग गरिदिन अनुरोध गरे ।

'कतारमा ६७ जना नेपाली जेल सजाय भुक्तान गरिरहेका छन् र धेरै नेपाली कागजविहीन बसिरहेका छन्', भेटमा उपराष्ट्रपतिले भने, 'म महामहिमलाई आममाफी दिन वा जेलको समय घटाउन र कागजातविहीन नेपालीलाई नियमित काम गर्न वा उनीहरूलाई नेपाल फर्काउनमा सहयोग गर्न अनुरोध गर्दछु ।'

उपराष्ट्रपति यादवले नेपाल र कतारले पारस्परिक हित र चासोका विषयमा बहुपक्षीय र क्षेत्रीय मंचमा नजिकबाट काम गर्दै र एकअर्कालाई समर्थन गर्दै आएकामा खुसी व्यक्त गरे । उनले नेपाली नागरिक विपीन जोशीलगायत अन्य बन्धकको रिहाइका लागि कतारले गरेको मध्यस्थताका लागि प्रशंसासमेत गरेका उपराष्ट्रपतिका प्रेस संयोजक दिनेश यादवले जानकारी दिए ।

भेटमा कतारका राजदूत अन्सारीले २ देशबीचको सम्बन्धलाई थप बलियो बनाउनुपर्नेमा जोड दिँदै कतार नेपालमा लगानी प्रवर्द्धन तथा संरक्षणको पक्षमा रहेको बताए । कतारमा हाल ४ लाख नेपाली कामदार रहेका जानकारी दिँदै उनले नेपाली श्रमिकको हितलाई कार्यान्वयन गर्न आफूले प्रयास गर्ने बताए ।

## बहुप्रतीक्षित...

सदस्यहरूले बताउँदै आएका थिए । प्रधानमन्त्री ओली र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले पनि चीन पक्ष सकारात्मक रहेको भन्दै ब्रिफिङ गरेका थिए । तर, चिनियाँ राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री लीसँग भएको छुट्टाछुट्टै भेटवार्तामा यससम्बन्धी कुनै कुराकानी नभएको भ्रमणमा सहभागी एक अधिकारीले बताए ।

यद्यपि, नेपाल र चीनले चीनको बेल्ट एन्ड रोड कोअपरेसन फ्रेमवर्कमा चाँडै हस्ताक्षर गर्ने प्रतिबद्धता जनाएका हुन् ।

मंगलबार प्रधानमन्त्री ओली र चिनियाँ समकक्षी ली छ्याङबीच भएको भेटवार्तापछि २ देशका अधिकारीहरूले ९ बुँदे समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । तर, त्यसमा बीआरआईको विषयमा केही उल्लेख छैन ।

प्रधानमन्त्री ओलीको भ्रमणका क्रममा दुवै पक्षले १२ बुँदे संयुक्त वक्तव्य जारी गर्दै बेल्ट एन्ड रोड कोअपरेसन फ्रेमवर्कमा चाँडै हस्ताक्षर गर्ने प्रतिबद्धता जनाएका छन् ।

'दुवै पक्ष २ देशले संयुक्त रूपमा संचालन गरेका कार्यक्रमहरू, आयोजना र गतिविधिहरू सम्पन्न गर्नका साथै हस्ताक्षर गरेका सम्झौताहरू, सहमति र निर्णयहरूको समयमै र द्रुत कार्यान्वयन सुनिश्चित गर्न सहमत भएका छन्', वक्तव्यमा भनिएको छ, 'दुवै पक्षले आ-आफ्ना विकास रणनीतिहरूको तालमेललाई बलियो बनाउन र अझ गहिरो, ठोस र उच्च गुणस्तरको बेल्ट एन्ड रोड सहायतालाई अघि बढाउन सहमत भए । दुवै पक्षले हिमालय सीमापार बहुआयामिक सम्पर्क संजाल निर्माण र बेल्ट एन्ड रोड कोअपरेसनको ढाँचा निर्माण गर्ने विषयमा जतिसक्दो चाँडो एमओयूमा हस्ताक्षर गर्न तयार रहेको बताए ।'

दुवै पक्षले नेपाललाई भूपरिवेष्ठित मुलुकबाट भूजडित मुलुकमा रूपान्तरण गर्नका लागि बन्दरगाह, सडक, रेलमार्ग, उड्डयन, पावर ग्रिड र दूरसंचार जस्ता क्षेत्रमा २ देशबीचको सम्पर्कलाई सुदृढ गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका वक्तव्यमा उल्लेख छ ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्ण ढकालले २ प्रधानमन्त्रीहरूबीच छलफल भइसकेपछि ९ बुँदे समझदारीपत्रमा हस्ताक्षर भएको जानकारी दिए ।

परराष्ट्र मामिलाका जानकार डा. इन्द्रकुमारी अधिकारीले बीआरआई फ्रेमवर्कको विषयमा सरकारमा रहेका दलहरूबीच सहमति भएपनि २ सरकारबीच छलफल नभएको हुँदा समझदारी हुन नसकेको बताइन् । उनले भनिन्, 'नेपालमा भएको दलीय सहमति चीनको सरोकार होइन । यस विषयमा काठमाडौंमै दुवै पक्षबीच छलफलै भएन ।' उनले यस विषयमा पर्याप्त गृहकार्य नभएएको बताइन् । बीआरआईमा नेपालले चीनको चाहना नबुझेर अनुदानमै जोड दिएको उनको भनाइ छ ।

नेपालले बीआरआई फ्रेमवर्कभित्र संचालन हुनेगरी टोखा-छहरे सुरुङमार्ग, हिल्सा-सिमकोट सडक, किमाथांका-खाँदबारी सडक तथा पुल, जिलोङ-केरुङ-काठमाडौं सीमापार रेलमार्गलगायत विषय समेटेको थियो । तर, यसमा टोखा-छहरे सुरुङमार्गबाहेक अन्य परियोजना परेका छैनन् ।

काठमाडौं-हेटौंडा पोडवे, अमरगढी सिटी हल, जिलोङ-केरुङ-रसुवागढी चिलिमे २२० केभी सीमापार प्रसारण लाइन, काठमाडौं उपत्यका प्रसारण लाइन स्तरोन्नति, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, दमकस्थित चीन-नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथ्लेटिक्स कम्प्लेक्स पनि नेपालले फ्रेमवर्कभित्र समेटेको थियो । तर, २ देशबीचका प्रधानमन्त्रीको वार्ता र त्यसपछि भएको समझदारीमा यी विषय उल्लेख छैन ।

अर्को महत्त्वपूर्ण विषय पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको ऋणलाई अनुदानमा बदल्ने प्रधानमन्त्री ओलीको भनाइ पनि पूरा भएको छैन ।

## रेलमार्गलाई...

काठमाडौंसम्म रेलमार्ग निर्माण गर्न चीनकै आर्थिक तथा प्राविधिक सहयोगमा २०७९ पुसदेखि सम्भाव्यता अध्ययनको काम भइरहेको छ । यो काम २०८३ असारसम्म सक्ने लक्ष्य छ ।

चीनले २०७५ सालमा यस आयोजनाको पूर्वसम्भाव्यता अध्ययन गरेको थियो । नेसनल रेल्वे अथोरिटी अफ चाइनाले उक्त अध्ययनको प्रतिवेदन २५ मंसिर २०७५ मा नेपाललाई पनि बुझाएको थियो ।

२०७६ असोजमा चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमण हुँदा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्ने सहमति भएको थियो ।

केरुङ-काठमाडौं रेलमार्गको लम्बाइ करिब १७० किलोमिटर हुने अनुमान छ । त्यसमा नेपालतर्फ ७२ किलोमिटर पर्छ ।

## ९ समझदारीपत्रमा...

हो । समझदारीमा टोखा-छहरे सुरुङमार्ग, नेपाल-चीन व्यापार अभिवृद्धि, वसन्तपुर दरबार पुनर्निर्माण, थर्मल्ली प्रोसेस्ड बफेलो मिट निर्यात, विकास योजनालगायत विषयमा समझदारी भएको छ । आर्थिक तथा प्राविधिक सहयोग, नगद सहयोग, स्वयंसेवी चिनियाँ भाषा शिक्षक तथा नेपाल टेलिभिजन र चाइना मिडिया ग्रुपबीच संचार प्रविधिसम्बन्धी समझदारीमा हस्ताक्षर भएको छ । समझदारी भएको टोखा-छहरे सुरुङमार्ग दुवै देशका लागि नयाँ योजना होइन । २०७६ माघमै चिनियाँ प्राविधिक टोलीले यसको प्रारम्भिक तहको अध्ययन गरेको थियो । तर, प्रारम्भिक अध्ययन सकेको करिब ५ वर्ष पूरा हुँदा पनि यसमा केही प्रगति छैन ।

यस पटकको समझदारीमा परेको वसन्तपुर दरबार पुनर्निर्माण यसअघिदेखि नै चीनले गरिरहेको छ । हनुमानढोकास्थित नौतले दरबार र नुवाकोटको ७ तले दरबारको पुनर्निर्माणको जिम्मा चीन सरकारले २०७२ सालमै लिएको छ ।

चीनमा प्रशोधित भैंसीको मासु निर्यात गर्ने समझदारी पनि भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले नेपाल मासुमा आत्मनिर्भर भएको भन्दै मासु निर्यातको योजना बनाएको १ वर्ष भइसकेको थियो ।

नेपाल टेलिभिजन र चाइना मिडिया ग्रुपबीच संचार प्रविधिसम्बन्धी समझदारीमा पनि हस्ताक्षर भएको छ ।

## ९ अर्ब...

र राष्ट्रपति सीबीच भएको भेटमा सीले नेपाललाई ९ अर्ब रुपैयाँ अनुदान सहयोग गर्ने घोषणा गरेका हुन् ।

भेटमा राष्ट्रपति सीले नेपाल र चीन पुराना र असल मित्रराष्ट्र भएको बताउँदै सम्बन्ध पनि आपसी सम्मान र सद्भावमा आधारित रहेको उल्लेख गरे ।

नेपालको आर्थिक विकासका लागि नेपाली वस्तु चिनियाँ बजारमा निर्यात गर्न थप सहजीकरण गर्ने र चिनियाँ लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न प्रोत्साहन गर्ने वचन पनि उनले दिए ।

प्रधानमन्त्री ओलीले नेपाल र चीनको सम्बन्धको मूल आधार सार्वभौमिक समानता, राजनीतिक स्वतन्त्रता, आपसी समझदारी र विश्वास रहेको बताए ।

नेपाल-चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वर्षगाँठको अवसरमा प्रधानमन्त्री ओलीले सन् २०२५ मा नेपाल भ्रमण गर्न राष्ट्रपति रामचन्द्र पौडेलका तर्फबाट आमन्त्रण पनि गरे ।

'वर्तमान सरकार समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षासहित आर्थिक विकास र रूपान्तरणमा केन्द्रित रहेकाले थप सहयोग र साझेदारी गर्न चाहेको छ', प्रधानमन्त्री ओलीले भने ।

प्रधानमन्त्री ओलीले राष्ट्रपति सी जिनपिङसँगको भेटपछि त्यहाँको संसद् राष्ट्रिय जनकंग्रेस (एनपीसी)का अध्यक्ष चाओ ल चीसँग भेटवार्ता गरेका थिए ।

## शेखरको ...

दाबी छ । भेलाको उद्घाटन गर्दै कोइरालाले कोशी प्रदेशस्तरीय सभापतिहरूको भेलामा प्रदेशका १३७ पालिकामध्ये ११३ पालिकाका सभापति उपस्थित रहेकाले प्रशिक्षणमा सिकेका विषय पालिकामा कार्यान्वयन गर्न र गाउँ तहसम्म पुर्‍याउन आग्रह गरे । उनले क्रियाशील सदस्ययता नवीकरण नभइरहेको अवस्थामा निर्धारित समयमै महाअधिवेशन हुनेमा आशंका गरे ।

भेलामा उपस्थित हुँदा कुनै समस्या आइपर्ला भन्ने नसोच्न सहभागी सभापतिहरूलाई समेत कोइरालालाई आग्रह गरे ।

कोइराला पक्षीय नेता डा. मीनेन्द्र रिजालले भेला रोक्न केन्द्रीय समितिले पठाएको पत्रलाई लक्षित गर्दै आन्तरिक प्रतिस्पर्धालाई ध्यान नदिएर विज्ञप्तिमार्फत हल्ला गर्नुको औचित्य नभएको बताए ।

उनले पार्टीभित्र कटुता र विभाजनको सन्देश दिन खोज्नेहरूलाई होसियार हुन चेतावनी पनि दिए ।

कार्यक्रममा सहभागी एक नेताका अनुसार भेलामार्फत वस्तुतः कोइरालाले गृहनगरमा शक्ति परीक्षण गरेका हुन् ।

पालिका सभापतिहरू भेला गरेर कोइरालाले पार्टी नेतृत्वलाई महाधिवेशनका लागि दबाब पुर्‍याउने संकेतसमेत गरेका छन् । १५औं महाधिवेशन २०८३ मंसिरमा हुने छ । तर, कोइरालाले समयमा महाधिवेशन हुनेमा आशंका व्यक्त गरे ।

'क्रियाशील सदस्यताको अहिले जसरी वितरण भइरहेको छ, यसले महाअधिवेशन समय हुने सम्भावना छैन', भेलामा कोइरालाले भने ।

## २०८४ लाई...

समीक्षा आगामी निर्वाचनको रणनीति निर्माणका लागि महत्त्ववपूर्ण रहने निष्कर्ष पार्टीको रहेको उल्लेख गरेका छन् । अर्थात्, यस पटकको उपनिर्वाचनको परिणामसमेतका आधारमा २०८४ सालको निर्वाचनको तयारीमा जुट्ने उनको संकेत छ ।

२०७९ सालमा गठबन्धन गरेर निर्वाचन लड्दा प्राप्त स्थानभन्दा एक्लै लडेर प्राप्त स्थान संख्यात्मक कम तर राजनीतिक, सांगठनिक र गुणात्मक रूपले बढी महत्त्वपूर्ण रहेको उनको तर्क छ । अर्थात्, गत निर्वाचनमा गठबन्धन गर्दा अर्को दलको समेत मत लिएर पार्टीले बढी स्थानमा जित हात पार्न सफल भएको कांग्रेसको स्वीकारोक्ति छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र भने उपनिर्वाचनबाट उत्साहित छ । माओवादीले एक्लै निर्वाचन लड्न सक्दैन भन्ने भाष्य चिर्न सफल भएको उनीहरूको बुझाइ छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक्लै निर्वाचन लड्ने जनादेश पाएको बताएका छन् । प्रेस विज्ञप्ति निकालेर प्रचण्डले उपनिर्वाचनमार्फत जनताले प्रकट गरेको अभिमतलाई पार्टीले आफ्नो एजेन्डा र आफ्नै एकल पहिचानका साथ प्रतिस्पर्धा गर्न प्राप्त गरेको जनादेशको रूपमा लिएको बताएका हुन् ।

कांग्रेस र एमाले मिलेरसमेत कतिपय ठाउँमा निर्वाचन लडेका र ती क्षेत्रमा माओवादीले जितेको भन्दै उनले लेखेका छन्, 'विभिन्न स्थानमा बनेका अवाञ्छित गठबन्धनलाई समेत चिर्दै जनताले प्रकट गरेको उत्साहपूर्ण समर्थनलाई हाम्रो पार्टी उच्च सम्मान गर्दछ ।'

४१ पदका लागि भएको उपनिर्वाचनमा कांग्रेसले कीर्तिपुरको प्रमुखसहित १६ वडा अध्यक्षमा जित हासिल गरेको छ । एमाले १ गाउँपालिका अध्यक्ष, २ गाउँपालिका उपाध्यक्ष र ५ वटा वडामा विजयी भएको छ । माओवादी केन्द्रले १ गाउँपालिका अध्यक्ष, २ गाउँपालिका उपाध्यक्ष र १ नगरपालिका उपमेयरसहित ७ वटा वडामा जित हासिल गरेको छ ।

उपनिर्वाचनमा जसपा नेपाल २, एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी १/१ स्थानमा विजयी हुँदा १ स्वतन्त्र उम्मेदवारले वडा अध्यक्ष जितेका छन् ।

नेताहरूका अनुसार कांग्रेस र एमालेले साना दल कमजोर रहेका देखाउन खोजेका थिए, सकेनन् । नयाँ र स्वतन्त्र पक्षधरले पुराना दलको विकल्प तयार भएको तर्क गरेका थिए, त्यो पनि निर्वाचनमा देखिएन बरु कांग्रेस र एमालेको विकल्प नयाँ र स्वतन्त्र नभई माओवादी केन्द्र हो भन्ने निर्वाचनको नतिजाले देखाएको छ ।

## अवैधानिक...

१० दिनभित्र नयाँ कम्पनीले प्रस्ताव गरेको रोजगार सम्झौता स्वीकार गर्नुपर्ने प्रावधान छ ।

उक्त काम २९ जनवरी २०२५ भित्र गरिसक्नुपर्ने बताइएका छ । कामदार कम्पनीमा अनुपस्थित रहेको भनी कम्पनीले सिस्टममा उल्लेख गर्नासाथ किवामा जोडिएका कामदारको अब्सेर सिस्टम भएको मोबाइलबाट मात्र म्यासेजमार्फत हुरुब लागेको म्यासेज प्राप्त गर्न सकिने बताइएको छ ।

## कार्तिकमा...

रोजगारीमा जाने कामदार घटेसँगै मासिक सयभन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनीको संख्या करिब एक तिहाइ कमी आएको हो ।

यस वर्ष कार्तिक महिनामा म्यानपावर कम्पनीमार्फत २३ हजार ५५६ जना वैदेशिक रोजगारीमा गएका छन्, जुन अघिल्लो महिना असोजको भन्दा केही कम हो । असोजमा २४ हजार ३९१ जनाले श्रम स्वीकृति लिएका थिए ।

हाल युरोपेली मुलुकहरू र मलेसियाबाट नेपाली कामदारको डिमान्ड आएको छैन भने विश्वकप फुटबलपछि कतारबाट आउने डिमान्डमा पनि ठूलो गिरावट देखिएको छ ।

संस्थागत रूपमा जाने कामदारको संख्या पछिल्ला ४ महिनाको जस्तै निरन्तर कम हुने हो भने हाल क्रियाशीलमध्ये ठूलो संख्यामा रहेका म्यानपावर कम्पनीले इजाजतपत्र नवीकरणका लागि अनिवार्य गरिएको वार्षिक सय संख्या पुर्‍याउन नसक्ने देखिएको छ ।

**कार्तिकमा सयभन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनी**

प्याराडाइज इन्टरनेसनल प्रा. लि.- ५७५
एसओएस म्यानपावर सर्भिस प्रा. लि.- ४९१
नील कमल ह्युमन रिसोर्स प्रा. लि.- ४६५
लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- ४५२
गल्फ म्यानपावर सर्भिसेज प्रा. लि.- ४१३
एयर किंग्स प्लेसमेन्ट प्रा. लि.- ३८७
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट प्रा. लि.- ३२४
इम्पावर हन्टर एचआर सोलुसन प्रा. लि.- ३१३
मदरल्यान्ड ओभरसिज प्रा. लि.- ३०४
साउन्ड लाइन्स रिक्रुटमेन्ट प्रा. लि.- ३०३
अल हायात म्यानेजमेन्ट सिस्टम प्रा. लि.- २९६
कन्टिनेन्टल एचआरडी कन्सल्ट्यान्ट प्रा. लि.- २५२
शिखर इन्टरनेसनल म्यानपावर सर्भिसेज प्रा. लि.- २२२
एसिया पावर रिक्रुटमेन्ट कन्सल्ट्यान्ट प्रा. लि.- २१९
अक्सफोर्ड इन्टरनेसनल प्रा. लि.- २१८
स्टारिस एचआर सर्भिसेज प्रा. लि.- २०४
अल आसमाक्स कम्पनी प्रा. लि.- १८६
सिवाकोटी म्यानपावर सर्भिस प्रा. लि.- १८३
भिजन एन्ड भ्यालु ओभरसिज प्रा. लि.- १८१
सागर रिक्रुटमेन्ट प्रा. लि.- १७७
सान नेपाल प्रा. लि.- १६८
मास ह्युमन रिसोर्स प्रा. लि.- १६७
आयुश ओभरसिज प्रा. लि.- १६४
अल सेक्योर म्यानपावर रिक्रुटमेन्ट प्रा. लि.- १६२
द रिभर ओभरसिज प्रा. लि.- १६१
फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा. लि.- १५६
रोटरी ओभरसिज प्रा. लि.- १५४
लुलु इन्टरनेसनल ओभरसिज रिक्रुटमेन्ट प्रा. लि.- १५१
थिंकबिज इन्टरनेसनल प्रा. लि.- १४८
एसआरके ओभरसिज नेपाल प्रा. लि.- १४१
इलाइट ह्युमन रिसोर्सेस प्रा. लि.- १३९
गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.- १३९
लिडिङ म्यानपावर रिक्रुटमेन्ट सर्भिस प्रा. लि.- १३७
मारभेन जब प्रा. लि.- १३७
लगइन इन्टरनेसनल ओभरसिज रिक्रुटमेन्ट प्रा. लि.- १३४
नाइस रिक्रुटिङ एजेन्सी प्रा. लि.- १३३
अल एसिया ओभरसिज प्रा. लि.- १२३
रोयल इन्टरनेसनल ओभरसिज प्रा. लि.- १२१
टेल्सा ओभरसिज प्रा. लि.- १२१
पिरामिड इन्टरनेसनल सर्भिस प्रा. लि.- ११८
प्रोटेक नेपाल एम्प्लाइमेन्ट प्रा. लि.- ११४
कंचन ह्युमन रिसोर्सेज म्यानेजमेन्ट प्रा. लि.- ११३
इगल म्यानपावर कन्सल्ट्यान्ट प्रा. लि.- ११०
जब सिकर म्यानपावर प्रा. लि.- ११०
ब्राइटस्टार ह्युमन रिसोर्सेस प्रा. लि.- १०९
इस्टवेस्ट प्लेसमेन्ट सेन्टर इन्क प्रा. लि.- १०८
ओमेगा इन्टरनेसन प्रा. लि.- १०८
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा. लि.- १०७
दीपज्योति म्यानपावर सर्भिस प्रा. लि.- १०३
इम्रल्ड आइल्स नेपाल प्रा. लि.- १०२

## तपाईंको राशिफल

मेष : राजकीय कार्यमा वृद्धि हुनेछ । नयाँ सम्पर्क बढ्नेछ । शत्रु परास्त हुनेछन् । यद्यपि, अनावश्यक खर्चको योग छ । वाणी संयम राख्नु होला । लामो यात्राको योग छ । बाहिरी सहयोग र सम्मान बढ्नेछ । आज अल्छीमा वृद्धि हुनेछ ।

वृष : रचनात्मक कार्यमा सफलता मिल्नेछ । मनोरञ्जनको योग छ । जीवनसाथीको सहयोग प्राप्त हुनेछ । व्यवसायमा फाइदा हुनेछ तथा जनसम्पर्कमा वृद्धि हुनेछ । अर्कामाथि भने भरोसा गर्ने समय छैन ।

मिथुन : कार्य सफल हुनेछ । नौलो कार्यमा प्रगति हुनेछ । आध्यात्मिक यात्रा हुने योग छ । व्यापारमा वृद्धि हुनेछ । खर्चमाथि नियन्त्रण राख्नु होला । रोकावटपछि सफलता प्राप्त हुनेछ ।

कर्कट : शैक्षिक कार्यमा प्रगति हुनेछ । खानपानमा सन्तुलन राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । व्यस्तता बढी भए पनि आम्दानी भने कम हुने छ । पारिवारिक स्वास्थ्यको कारण समस्या हुनसक्छ ।

सिंह : आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ । नयाँ सम्पर्क बढ्नेछ । पराक्रममा वृद्धिको योग छ । अनावश्यक विवाद हुने योग छ । बढी व्यस्तता रहनेछ । आकस्मिक धन लाभको योग छ । प्रियजनसँग भेट हुनेछ ।

कन्या : पदोन्नतिको योग छ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ । जग्गा खरिद हुने योग छ । व्यापारिक कार्यमा प्रगति हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । वाणीमा भने संयम राख्नुहोला । जोखिम लिनु हुँदैन ।

तुला : जीवनमा समझदारी र सुझबुझ राखेर अगाडि बढ्नुपर्छ । प्रगतिसँगै आत्मबल बढ्दै जानेछ । आयको नौलो स्रोत बन्ने योग छ । व्यक्तिगत सम्बन्धले मनमा बेचैनी दिनेछ ।

वृश्चिक : वाहन चलाउँदा सावधानी जरुरी छ । राजनीतिक कार्य सफल हुनेछ । शैक्षिक कार्यमा प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ, धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।

धनु : नयाँ काम बन्ने योग छ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । वाहन सावधानी जरुरी छ । धार्मिक कार्यमा सहभागी हुने योग छ । आयमा वृद्धि हुनेछ । राजनैतिक कार्यमा रोकावटको योग छ । सबै कार्यमा धैर्यता जरुरी छ ।

मकर : प्रयास सफल हुनेछ । धन आर्जन हुने योग छ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । साथीभाइबिच सम्बन्ध राम्रो भइरहनेछ, बाहिरी सहयोग प्राप्त हुनेछ । सम्मानमा वृद्धि हुनेछ । विधार्थीहरुको लागि समय अनुकूल छ ।

कुम्भ : आजको दिन धेरै शुभ छ । जनसम्पर्कमा वृद्धि हुनेछ । पुरानो मित्रसँग भेटघाट हुनेछ । शैक्षिक कार्यमा प्रगति हुनेछ ।

मीन : सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्ने योग छ । आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ । बाहिरी सहयोगमा कमी आउनेछ । स्वास्थ्य राम्रो रहनेछ । खर्चमाथि विशेष नियन्त्रण आवश्यक छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह
www.madhyanhadaily.com



# अर्घाखाँचीको शीतगंगामा विकासले फड्को मार्दै

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १८ मंसिर



नेपालको सबैभन्दा ठूलो नगरपालिका शितगंगा नगरपालिकामा स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएपछि कम बजेट ठूलो भूगोल स्थानीय स्रोतको पर्याप्त आम्दानी जस्ता चूनौतीकाबीच विकास निर्माणले तीव्रता पाएको छ । पूर्वाधार निर्माणदेखि कृषि, स्वास्थ्य, शिक्षा, विद्युत लगायतका क्षेत्रमा सुधार ल्याउँदै स्थानीयको माग र आवश्यकतालाई पूरा गर्न नगरपालिकाले पूराना योजनालाई निरन्तरता नयाँ योजना थप गर्दै विकास निर्माणको कामले तीव्रता पाएको देख्दा खुसी लागेको शितगंगा नगरपालिका वडा नम्बर १० की सीता बेल्वासेको भनाइ छ ।

नगरपालिकाको समग्र विकासमा आधारित काम गर्दै दिगो विकासको लक्ष्यलाई हासिल गर्नेगरी नगरपालिकाका जनप्रतिनिधिहरु अघि बढेको नगरप्रमुख छबिलाल पौडेलले बताए ।

नगरपालिकाले स्वास्थ्य, शिक्षा, पूर्वाधार, कृषि, मानव विकास लगायत सबै क्षेत्रको समग्र विकास लक्षित कार्यहरु अगाडि बढिरहेको पौडेलको दाबी छ ।

नगरपालिका भाडाको घरमा सञ्चालित थियो अहिले आफ्नै सुविधासम्पन्न भवनबाट सेवा प्रवाह भइरहेको छ। आधारभूत स्वास्थ्य केन्द्रहरु, वडा कार्यालयहरु समेत आफ्नै भवनबाट सञ्चालन भइरहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन जिसीले बताए।

नगरपालिका रहेका सम्पूर्ण ऐलानी जग्गाको नापी कार्य (छिटफुटबाहेक)सम्पन्न गरी सम्बन्धित निकायमा विवरण पठाइएको छ भने नगरपालिकामा विद्युतीय कारोबार(ई-बिलिङ)ई हाजिरी सेवा सुरू भएको प्रशासकीय अधिकृत जिसीले बताए ।

त्यस्तै, नगरपालिका निवेदन, सिफारिस माग निवेदन, फारम भर्ने लगायतका सुविधा निःशुल्क प्रदान गरी नागरिकलाई सहजता प्रदान गरिएको समेत जिसीले बताए । नगरपालिकामा धेरै सडकहरु, कालोपत्रे, ग्राभेल, नाली निर्माण सडक ढलाइ कलभट ट्रायक खोल्ने पुल निर्माण खानेपानी विद्युत स्वास्थ्य शिक्षा किसानलाई कृषिमा प्रविधि कार्यक्रम अन्तर्गत ५० प्रतिशत, ७५ प्रतिशत अनुदानमा स्प्रे ट्याङ्की तथा टनेल, बोटबिरुवा, बिउपल, हाते ट्याक्टर, कुटानी पिसानी मेसिन लगायतका अनुदानहरु उत्पादनमा आधारित अनुदान वितरण गरिएको नगरप्रमुख छबिलाल पौडेलले बताए ।

नगरपालिकाका किसानको गाई-भैंसीलाई निःशुल्क गर्भाधान (एआई) सेवा, किसानलाई बिमामा प्रोत्साहन गर्ने उद्देश्यका साथ पशु बीमा कार्यक्रम, आधा दर्जन भन्दा बढी पशु सेवा कार्यक्रम भकारो सुधारु दूधमा अनुदान, घाँसका बिउपल वितरण, बोका रागा वितरण लगायत धेरै कार्यक्रम जनप्रतिनिधिहरुले गरेको शितगंगा नगरपालिकाका नगर प्रवक्ता दामोदर न्यौपानेले बताए ।

नगरपालिकाभित्र दर्जनौं ठाउँका सडकहरु स्तरोन्नति प्रत्येक वडाहरुमा सडक विस्तार गरिएको छ । राष्ट्रपति चुरे सिँचाइ डिभिजन कार्यालय, भू-तथा जलाधार कार्यालय, वन कार्यालय, जनताको तटबन्धन, शिवपुर सडकसँग सहकार्य गरी स्थानीय स्तरमा जनताको माग अनुसार कार्यक्रमहरु अगाडि बढाएको नगरपालिकाका उपप्रमुख गीता भाटले बताइन् ।

नगरपालिका भौगोलिक हिसाबले नेपालकै ठूलो छ । यस नगरपालिका रुपन्देही जिल्ला, कपिलवस्तु जिल्ला, पाल्पा जिल्ला, दाङ जिल्ला, प्युठान जिल्लाका विभिन्न ठाउँहरुसँग जोडिएको छ। जहाँ १४ वडाहरु छन्। नगरपालिकामा वार्षिक विकास बजेट प्रत्येक वडामा वर्षमा ५० देखि ५५ लाख जाने गर्छ। तर त्यो बजेट बर्खाले बिगारेका बाटो सोर्न समेत नपुग्ने गरेको वडा नम्बर ३ का अध्यक्ष चिन्तराज अधिकारीले गुनासो गरे ।

नगरपालिकाभित्र विगतका वर्षदेखि खरको छाना मुक्तका लागि टिन वितरण, एक घर एक धारा नीति अनुसार खानेपानी जडान, सयौं खाली बिजुलीका पोलमा तार विस्तारसहित थप ठाउँमा दर्जनौं बिजुलीको पोल र तार विस्तार गरिएको छ भने भोल्टेज सुधारका लागि विद्युत प्राधिकरणको समन्वयमा विभिन्न ठाउँमा ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धिदेखि सडक बत्ती मर्मत तथा जडान कार्यलाई समेत प्राथमिकता दिएको नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले बताए ।

नगरपालिकामा शिक्षाको स्तर वृद्धिका लागि विद्यालय अनुगमन स्थानीय पाठ्यक्रम तैयारी, दिवा खाजा विद्यालयका भवन निर्माण, क्याम्पस स्तरउन्नतिका लागि सहयोग नगरपालिकाभित्र बालविकास केन्द्रको बाल कक्षा सुधार गरी गुणस्तरीय शिक्षण सिकाईमा टेवा पुग्ने गरी नगरपालिकाका १४ वडामा नै अभियानको रुपमा विकास निर्माणका कामहरु समान्नतर रुपमा अगाडि बढेको शितगंगा नगरपालिका वडा नम्बर ४ का अध्यक्ष दामोदर अधिकारीले बताए ।

यस्तै, नगरपालिकाभित्र रहेका विभिन्न मठमन्दिरहरु सुधार विस्तार, नयाँ सरचना निर्माण, नगरपालिकाभित्र रहेका विकास निर्माणका कामहरुको दैनिक अनुगमन, सीप मुलक तालिम आयआर्जन सम्बन्धि तालिम, महिला, दलित, जनजाति पिछडिएको वर्ग लक्षित वर्गका कार्यक्रमहरु प्रभावकारी रुपमा अगाडि बढाएको शितगंगा नगरपालिका वडा नम्बर ८ का अध्यक्ष रुकेश आलेले बताए ।

विपन्न समुदायको स्वास्थ्यमा पहुँच वृद्धि गर्न विपन्न, दीर्घरोगी गरिब परिवारलाई स्वास्थ्य बीमा, विपन्न परिवारलाई वायुपङ्खे चुल्हो वितरण समेत विगतदेखि नै लागू गरिएको शितगंगा नगरपालिका वडा नम्बर १० का पूर्व वडाध्यक्ष हिम्मत पोखेलले बताए ।

नगरबासीलाई सीप सिकाएर आत्मनिर्भर बनाउन महिलालाई ब्यूटीपार्लर तालिम, दलित समुदायलाई उद्घोषण तथा माइन्यूट लेखन तालिम, जनजातिलाई विशेष तालिम, थाकलका रेसाबाट ढकिया टोपी बनाउने तालिम, महिला पत्रकार उत्पादन तालिम प्रदान लक्षित वर्गलाई स्वावलम्बन बन्न सहयोग गरिएको नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष भिम केसीले बताए । अपांगता भएका व्यक्तिहरुलाई सामग्री खरिद गरी हस्तान्तरण गरी सहयोग समेत जनप्रतिनिधिले गर्ने गरेको वडा नम्बर ११ का वडाध्यक्ष नबराज भुसालले बताए ।

नगरपालिका आसपास ठाडा बजार, भित्री सडक निर्माण सडक, बत्ति जडान, सडक स्तरोन्नति, सडक ग्राभेल, सडकका बाटाघाटामा दर्जनौं ह्युम पाइम लगाइ बजारमा आउने खानेपानीको मुहान संरक्षण, पाइपलाइन विस्तार तथा मर्मत, दुर्घटनाको जोखिम न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम समेत जनप्रतिनिधिले गर्दै आएको वडा नम्बर ४ का अध्यक्ष दामोदर अधिकारीले बताए ।

खेलकुदको माध्यमबाट समक्ष र नैतिकवान युवा बनाउन युवालाई खेलकुद सामग्री प्रदान राष्ट्रपति रनिङसिल प्रतियोगितामा जिल्ला प्रथम हुनेहरुलाई नगदसहित सम्मान खेलाडीहरुलाई पुरस्कार लगायत ९० वर्ष माथिका जेष्ठ नागरिकलाई सम्मान गर्ने जनप्रतिनिधिले गरेका छन् ।

२०७४ सालदेखि जनप्रतिनिधिहरु नगरपालिकामा निर्वाचित भएपछि विकासले फड्को मारेको हो ।

## अपांगता भएकाहरूको गुनासो
# 'राज्यबाटै ठगियौं'



**तेज वन/मध्यान्ह**
इटहरी, १८ मंसिर

राज्यले अपांगता भएका व्यक्तिहरूका लागि करोडौं रकम विनियोजन गरेपनि वास्तविक लाभार्थीको हातमा नपुगी दुरुपयोग भइरहेको इटहरीमा आयोजित एक कार्यक्रममा उठाइएको छ । सुनसरीको इटहरीमा मंगलबार ३३ औं अन्तर्राष्ट्रिय अपांग दिवसको अवसरमा आयोजित अपांगता अधिकारसम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रममा सहभागी अपांगता भएका व्यक्तिहरूले राज्यबाटै ठगिएको गुनासो गरेका हुन् ।

सामाजिक अभियन्ता तथा अधिवक्ता रमेश पोखरेलले अपांग व्यक्तिहरूलाई परिवारभित्रैबाट भेदभाव हुने गरेको कटु यथार्थ व्यक्त गरे । उनले राज्यले अपांग व्यक्तिहरूको हकअधिकार संरक्षणका लागि लाखौं रकम विनियोजन गरे पनि कार्यान्वयन फितलो रहेको गुनासो गरे । इटहरीको सार्वजनिक शौचालयदेखि विद्यालय वा सरकारी कार्यालयसम्म पनि अपांगमैत्री वातावरण नभएको उनको भनाइ थियो ।

पूर्वाञ्चल अपांग तथा असाहाय वृद्ध सेवा केन्द्र इटहरीकी संस्थापक तृप्ता मगरले इटहरीको राजमार्गहरू अपांगमैत्री नभएको बताइन्। सार्वजनिक बसहरूमा अपांगता भएका व्यक्तिहरूलाई चढाउन नमानेको र अन्य सेवा-सुविधामा सरकारको चासो नदेखिएको गुनासो पनि उनले पोखेकी छिन् । सरकारले अपांगता भएका व्यक्तिहरूलाई दया र मायाभन्दा पनि अवसर दिनुपर्ने अधिकांस वक्ताहरूको धारणा थियो। कार्यक्रमकी अध्यक्ष अपांगता संरक्षण मञ्च सुनसरीकी अध्यक्ष दिलकुमारी राईले स्थानीय सरकारले अपांगता भएका व्यक्तिहरूका लागि छुट्याइएको बजेट अपुग भएको र कार्यक्रम ल्याउन ढिलाइ भइरहेको बताइन्।

कार्यक्रमकी विशिष्ट अतिथि इटहरी उपमहानगरकी उपमेयर संगीता कुमारी चौधरीले अघिल्लो वर्ष ८०/८१ मा स्थानीय सरकारको दायित्वअन्तर्गत अपांगता भएका व्यक्तिहरूलाई आवश्यक सामग्रीहरू वितरण गरिएको जानकारी दिइन्। अपांगता भएका व्यक्तिहरूको विवरण संकलन गरी आवश्यक सामग्री वितरण गर्ने र समय समयमा सिपमूलक तालिमको व्यवस्था गर्ने प्रतिवद्धता पनि उनले व्यक्त गरिन् ।

कार्यक्रमकी प्रमुख अतिथि कोशी प्रदेश सभा सदस्य मिनाकुमारी श्रेष्ठले अपांगता भएका व्यक्तिहरूका लागि थप कानुन निर्माण प्रक्रियामा रहेको र आवश्यक सल्लाह सुझाव माग गरिरहेको बताइन् । बजेट र सीपमूलक तालिमका लागि सम्बन्धित पक्षसँग समन्वय गरी सक्दो सहयोग गर्ने वचन दिइन् । उनले अपांगता भएका व्यक्तिहरूलाई राज्यले नै व्यवस्थापन र रोजगारी दिनुपर्नेमा जोड दिइन् ।

'समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपांगता भएका व्यक्तिहरूको प्रबल नेतृत्व यसको आधार' भन्ने मूल नारासहित आयोजित कार्यक्रममा दुई जनालाई सम्मान गरिएको थियो । अपांगता भएर पनि समाजमा सकारात्मक सन्देश दिँदै सक्षम सरह काम गरी देशभर उदाहरणीय बनेकी तृप्ता मगर र सडक मानवको उद्धारमा तल्लीन रहँदै समाजमा प्रेरणादायक काम गरेकी माया घर नेपालकी अध्यक्ष सुभद्रा प्याकुरेललाई प्रमाणपत्र र दोसल्ला ओढाएर सम्मान गरियो। सम्मानपछि दुवैजनाले आफ्नो क्षेत्रमा थप सक्रिय भएर काम गर्ने ऊर्जा प्राप्त भएको बताए ।

## एनआरएनए पोर्चुगल
# काफ्लेद्वारा अध्यक्षको जिम्मेवारी ग्रहण



**पोर्चुगल/मस-** गैरआवासीय नेपाली संघ (एनआरएनए) पोर्चुगलको अध्यक्षमा दीपा काफ्लेको कार्यकाल सुरु भएको औपचारिक रुपमा घोषणा गरिएको छ।

आइतबार राजधानी लिस्बनमा एक कार्यक्रमको आयोजना गरी संघको अध्यक्षमा काफ्लेको कार्यकाल सुरु भएको घोषणा गरिएको हो । संघका संस्थापक अध्यक्ष पूर्णबहादुर हमालले काफ्लेको कार्यकाल सुरु भएको घोषणा गर्दै नवौं राष्ट्रिय अधिवेशनमा भएको सहमतिको औपचारिक रुपमा कार्यान्वयन गरिएको बताए ।

निर्वाचन समितिले समेत अध्यक्षको प्रमाणपत्र प्रदान गरिसकेको उल्लेख गर्दै हमालले संघको वैधानिक र आधिकारिक अध्यक्ष काफ्ले नै भएको जिकिर गरे । सहमतिको पालना नगर्नु बेइमानी भएको बताउँदै हमालले संघ राजनीति गर्ने थलो नभएर सेवा गर्ने थलो भएको धारणा व्यक्त गरे।

केन्द्रीय प्रतिनिधि एवं गैरआवासीय नेपाली संघ अन्तर ाष्ट्रिय समन्वय परिषद्का सह-कोषाध्यक्ष तिलक गैरेले गत जुलाई ३० मा सम्पन्न भएको संघको नवौं राष्ट्रिय अधिवेशनले एक-एक कार्यकाल अध्यक्ष हुने गरि लिखित सहमति भएको बताए । संघको नेतृत्वका लागि पहिलो एक वर्ष उमेश खड्का र दोस्रो एक वर्ष दीपा काफ्ले अध्यक्ष रहने गरी सहमति भएको जनाउँदै गैरले सोही अनुरुप दुबै जनालाई अध्यक्षको प्रमाणपत्र समेत प्रदान गरिएको बताए ।

पूर्व पर्यटनदूत एवं संघका पूर्व अध्यक्ष रमेशकुमार गुरुङले एक-एक कार्यकाल नेतृत्व गर्ने भनेर गरेको सहमतिको पालना नगर्नु दुखद् भएको बताए । पूर्वअध्यक्ष लक्ष्मीप्रसाद सापकोटाले संघका पूर्व अध्यक्षहरुको साथ र समर्थन रहेको व्यक्ति नै संघको आधिकारिक अध्यक्ष हुने स्पष्ट पार्दै काफ्ले नै संघको आधिकारिक अध्यक्ष भएको बताए।

अध्यक्षको जिम्मेवारी ग्रहण गर्दै काफ्लेले नवौं राष्ट्रिय अधिवेशनको म्याण्डेट अनुसार आफ्नो कार्यकाल शुरु भएको बताए । काफ्लेले पूर्व सहमति बमोजिम नै संस्थापक अध्यक्ष, पूर्व अध्यक्ष, निवर्तमान अध्यक्ष र केन्द्रीय प्रतिनिधिको विशेष उपस्थितिमा औपचारिक रुपमा आफूले अध्यक्षको जिम्मेवारी ग्रहण गरेको बताए। अधिवेशनबाट निर्वाचित बहुमत सदस्य आफ्नो पक्षमा रहेको स्पष्ट पार्दै काफ्लेले आफू नेतृत्वको समिति नै वैधानिक र आधिकारिक भएको दाबीसमेत गरे।

सो अवसरमा संस्थापक अध्यक्ष, केन्द्रीय प्रतिनिधि, पूर्व अध्यक्ष, निवर्तमान अध्यक्ष र पूर्व आइसीसी सदस्यले काफ्लेलाई सामूहिक रूपमा अध्यक्षको प्रमाणपत्र प्रदान गरेका थिए ।

संघका उपाध्यक्ष सुजन लामाको स्वागत तथा कार्यवाहक महासचिव दिपेश विष्टको सञ्चालनमा सम्पन्न भएको कार्यक्रममा पूर्व आईसीसी सदस्य नरेन्द्र हमाल, संघका निवर्तमान अध्यक्ष रबिन अधिकारी, नेपाली जनसम्पर्क समिति पोर्चुगलका अध्यक्ष युवराज पन्थी, नेपाल राष्ट्रिय तामाङ घेदुङ (संघ) पोर्चुगलका अध्यक्ष इमानसिङ तामाङ, नवलपुर समाज पोर्चुगलका अध्यक्ष प्रेम बुढाप्रिथी, स्याङ्जा समाज पोर्चुगलका अध्यक्ष बिपिन अर्याल लगायतले बोल्दै संघको नवौं राष्ट्रिय अधिवेशनमा भएको सहमतिको पालना हुनुपर्नेमा जोड दिएका थिए ।

गत ३० जुलाई २०२३ मा सम्पन्न भएको संघको नवौं राष्ट्रिय अधिवेशनमा खड्का र काफ्ले एक-एक कार्यकाल अध्यक्ष बन्ने सहमति भएको थियो । जसमा खड्काको कार्यकाल २०२४ जुलाई सम्म रहने र त्यसपछि १ अगष्ट २०२४ देखि काफ्लेको कार्यकाल लागु हुने घोषणा गरिएको थियो । सोही सहमति अनुसार नै निर्वाचन समितिले खड्का र काफ्ले दुबै जनालाई अध्यक्ष पदमा निर्वाचित भएको प्रमाणपत्र समेत दिएको थियो । तर, सहमति भए अनुसार पद हस्तान्तरण भने हुन सकेको थिएन ।

# अपांगमैत्री समाजबारे अन्तरक्रिया



**प्रदीप सिंह/मध्यान्ह**
लाहान, १८ मंसिर

३३औं लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानसँगै मनाइएको अन्तर्राष्ट्रिय अपांगता दिवसका अवसरमा सिरहाका विभिन्न स्थानमा अपांगता भएका व्यक्तिहरूका समस्या र समाधानबारे ऱ्याली र अन्तरक्रिया कार्यक्रम गरिएको छ ।

यस वर्षको राष्ट्रिय नाराका रूपमा 'समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपांगता भएको व्यक्तिहरुको प्रवल नेतृत्व यसको आधार'लाई प्राथमिकता दिँदै सिरहा नगरपालिकाको आयोजनामा र मुक्ति नेपाललगायत विभिन्न संस्थाको समन्वयमा ऱ्याली र सभा आयोजना गरिएको थियो । सिरहाको बजार परिक्रमा गरेको ऱ्याली नगरपालिकाको सभाहलमा पुगेर अपाङ्गता भएका व्यक्तिहरूका समस्या र समाधानका उपायमा छलफलमा परिणत भएको थियो ।

गोलबजार नगरपालिका वडा नम्बर १३ मा नेत्रहीन संघ सिरहा र स्थानीय निकायको सहकार्यमा नेत्रहीनहरूको समस्या, सरकारका सेवा-सुविधामा सहज पहुँच र आरक्षणको प्रभावकारिताबारे अन्तरक्रिया भएको थियो । वडाध्यक्ष नन्द कुमार महतोको अध्यक्षतामा आयोजित कार्यक्रममा अपांगता भएका व्यक्तिहरूको शिक्षा, रोजगारी र पूर्वाधार निर्माणमा सुधारका उपायमा गहन छलफल गरिएको थियो । कल्याणपुर नगरपालिकामा मुक्ति नेपाल र जिल्ला अपाङ्ग असहाय केन्द्रको सहकार्यमा सरोकारवालासँग अन्तरक्रिया गरियो। आत्मनिर्भर अपाङ्ग व्यक्तिहरूलाई सम्मान गर्दै, उनीहरूको अधिकार सुनिश्चिता गर्ने प्रतिबद्धता गरिएको थियो ।

समाजले अपांगता भएका व्यक्तिहरूलाई अझै पनि पूर्ण रूपमा समावेश गर्न नसकेको यथार्थतर्फ सबैको ध्यान जाँदासमेत यस्ता अभियानहरूले सकारात्मक सन्देश दिने अपेक्षा गरिएको छ ।

# अपांगता भएका व्यक्तिलाई ह्विलचेयर वितरण



**मनु यादव निरज/मध्यान्ह**
लाहान, १८ मंसिर

सिरहा जिल्लाको अर्नमा गाउँपालिकामा ह्विलचियर वितरण गरिएको छ ।

गाउँपालिका अध्यक्ष अशोक कुमार यादवले अपांगता भएका व्यक्तिहरुलाई ह्विलचियर वितरण गरेका हुन् ।

अपांगता भएका व्यक्तिहरूको ३३ औं अन्तर ाष्ट्रिय दिवस मंगलबार विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइएको छ ।

समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपांगता भएका व्यक्तिको प्रवल नेतृत्व यसको आधार भन्ने मूल नाराका साथ विभिन्न कार्यक्रम गरी मनाइएको छ । अर्नमा गाउँपालिकाले अपांगता भएका व्यक्तिहरूलाई ३३ औं अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसरमा २५ जनालाई अपांगलाई ह्विलचियर वितरण गरिएको हो ।

कार्यक्रम प्रमुख अतिथि अर्नमा गाउँपालिका अध्यक्ष यादवले अपांगता भएका व्यक्ति पनि समाजका सचेत नागरिक भएकाले उनीहरुको जीविकोपार्जनका लागि राज्यले विशेष ध्यान दिनुपर्ने बताए। अपांगता भएका व्यक्तिहरु शारीरिक रुपमा अपांग भएपनि उनीहरुमा बौद्धिक क्षमता उच्च रहेको कसैले पनि उनीहरुलाई हेयको दृष्टिकोणले हेर्न नहुने बताए ।

कार्यक्रम विशिष्ट अतिथि अर्नमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दौर्पती यादव रहेका थिए। त्यस्तै अतिथिमा अर्नमा गाउँपालिका वडा नं.२ का र वडा नं.३ को वडाध्यक्ष र वडा नं.४ को वडाध्यक्ष र वडा नं.५ को वडाध्यक्ष र विभिन्न पार्टीका प्रतिनिधिहरू र स्थानीयहरूको उपस्थिति रहेको थियो भने कार्यक्रमको अध्यक्षता अर्नमा गाउँपालिका उपाध्यक्ष रेखा साहले गरेकी थिइन्।

# उदयपुरमा हात्तीको बिगबिगी बढेसँगै क्षति

**उदयपुर/मस –** उदयपुरको त्रियुगा नगरपालिका आसपासका वडाहरुका विभिन्न ठाउँहरुमा हात्तीका हुल बथानहरु आएर बिगबीगी बढेसँगै बालीनाली, घरमा क्षति पुऱ्याएको छ ।

गत ३ दिनअघिदेखि नगरको ६ वडा अन्तर्गत लालपत्ता आसपास र सोमबार रातिदेखि जल्जले, ५ को देउरी,श्रीपुर, ४ को बगहा शान्तिटोल,९ को गैरुण,१३ को असारी तथा गाईघाट लगायत आसपासका ठाउँहरुमा हात्तीको बिगबीगी बढ्न थालेको हो ।

नगर आसपासका क्षेत्रमा हात्तीको ३ दर्जन बढी हुल बथानको बिगबीगी बढेसँगै गाउँबस्तीहरुमा आतंक मच्चाउनुका साथै घर धान तरकारी बालीनालीमा क्षति पुगेसँगै ज्यान जाने खतरा बढेको स्थानीयको भनाइ छ ।

नगरको ६ लाल्पता आसपासका ठाउँहरुमा तरकारी बालिनाली लगायत ठाउँहरुमा क्षति पुगेको वडाध्यक्ष योगेन्द्र दाहालले जानकारी दिए ।

त्यस्तै ५ को श्रीपुरमा मिन बहादुर बस्नेतको भान्सा घरमा क्षति पुऱ्याएको धान र केरा तथा ४ को बगहामा कृषक जीवन प्रसाद दाहालले २१ कट्ठा खेतमा लगाइएको काटेर झार्नको लागि कुन्यू बनाएर राखेको धान सोमबार राती हात्तीले खाएर क्षति पुगेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। त्रियुगा ९ को गैरुन आसपासमा हात्तीको बथानले किसानले अनुमानित एक विघा खेतमा लगाएको धान नष्ट गरेको उजुरी पत्र वडामा आएको वडाध्यक्ष राजकुमार दनुवार जानकारी दिए। हात्तीको भगाउने क्रममा ३ जना मानिस घाइते भएको स्थानीयको भनाइ छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१९ मंसिर २०८१, बुधबार
4 December 2024, Wednesday

## सम्पादकीय

# अपेक्षा पूरा होऊन्

नेपालका प्रधनमन्त्री केपी शर्मा ओली अहिले छिमेकी राष्ट्र चीनको भ्रमणमा छन् । उनको भ्रमणअघि भ्रमणका एजेन्डाबारे निकै लामा बहस र विमर्श भए । सत्तामा गठबन्धन भएकाले नेकपा एमाले एक पार्टीका निर्णयले मात्र भ्रमणका एजेन्डा तय हुन सकेनन् । यसका लागि सत्ता साझेदार अर्को दल नेपाली कांग्रेससँग सहमति गर्नु जरूरी भयो । लामै मन्थनपछि एजेन्डामा साझा सहमति भयो पनि ।

चीनको स्वार्थका रूपमा रहेको बृहत् परियोजना बीआर आईमाथि अनेक कोणबाट विमर्श भए । त्यही परियोजनामा चीन केन्द्रित हुने निश्चित जस्तै थियो । त्यसमै हाम्रा सत्ताधारीहरूले गहिरो छलफल पनि गरे, जुन आवश्यक नै थियो । यसका साथै नेपालको स्वार्थ र हितका अन्य परि योजना पनि प्रस्तावका रूपमा लैजाने सहमति थियो । तर, मंगलबार भएको सम्झौतामा यहाँ २ दलबीच भएका सहमतिभन्दा बाहिर गएर अन्य ९ वटा विषयमा सहमति र सम्झौता भएको छ । टोखा–छहरे सुरूङ्मार्गसम्बन्धी पत्रको आदानप्रदान, नेपाल–चीन व्यापार अभिवृद्धिसम्बन्धी समझदारीपत्र, नौ तले बसन्तपुर दरबार पुनर्निर्माण सम्पन्न प्रमाणपत्रको आदानप्रदान, भैंसीको तयारी मासु निर्यातसम्बन्धी प्रोटोकललगायतमा हस्ताक्षर भएको हो । यसका साथै चिनियाँ राष्ट्रपति सी जिनपिङलेले नेपाललाई ९ अर्ब रूपैयाँ अनुदान सहयोग गर्ने घोषणा पनि गरेका छन् ।

> नेपालको स्वार्थ र हितका अन्य परियोजना पनि प्रस्तावका रूपमा लैजाने सहमति थियो । तर, मंगलबार भएको सम्झौतामा यहाँ २ दलबीच भएका सहमतिभन्दा बाहिर गएर अन्य ९ वटा विषयमा सहमति र सम्झौता भएको छ ।

चीनको स्वार्थको मूल विषय, जुन विषयमा सत्ता साझेदार दलहरूबीच चर्को विमर्श भएको थियो, बीआर आईमाथि भने हलो अड्किएको अवस्था छ । मंगलबार नेपाल पक्षले प्रस्तुत गरेको प्रस्तावमा बीआरआईका लागि ऋण नलिने, अनुदान वा सहयोग मात्र लिने भन्ने प्रावधानमा चीन पक्ष सहमत हुन सकेन , नेपाल पक्षले 'पुन: सल्लाह गर्ने' आशय प्रकट गरेर उक्त सम्झौता कार्य रोकिएको अवस्था छ मंगलबार रातिसम्मको घटनाक्रममा । यसरी हेर्दा नेपाली प्रधानमन्त्रीको टोलीले जुन अपेक्षा र विश्वासका साथ चीनको यात्रा गरेको थियो, ती अपेक्षा र विश्वास पूरा हुनेमा सन्देह पैदा भएको छ । हामी आशा गरौं, हाम्रा अपेक्षा र विश्वास पूरा होऊन् ।

# सुशासन र समृद्धिको सवाल

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

> हाम्रो लोकतन्त्रमा नेता सुरक्षित तर जनता असुरक्षित । विरोध गर्‍यो भने लोकतन्त्रमाथिको प्रहार भनिन्छ तर लोकतन्त्रको आदर्श र यसको चरित्र पछ्याएको देखिन्नँ । परिवारमा सीमित छ लोकतन्त्र, जसरी राणा शासनमा सीमित घेरामा थियो । देशको राष्ट्रिय एजेन्डा नै आएन, केवल दलको एजेन्डा हाबी बन्यो । दलको एजेन्डाले मात्र देश समृद्ध हुने देखिन्नँ । मान्छे नयाँ अनुहारका आए पनि यो प्रणालीबाट देश उँभो लाग्ने देखिएन । अब प्रणालीप्रति निर्मम प्रश्न उठिसकेको छ ।

देशले समृद्धि चाहेको छ, सुशासनबिना समृद्धि सम्भव छैन । हाम्रो नेतृत्व साढे ३ दशकयतादेखि उस्तै छ । उसले सुशासन दिने भन्यो तर सेवा प्रवाह र सुशासनमा प्रगति छैन । सुशासन दिने संयन्त्रहरू दिन पर दिन कमजोर भइरहेका छन्, धेरै स्थानहरूमा त कर्मचारी आपूर्ति नै गर्न सकिएको छैन ।

अख्तियारमा नडामिने कर्मचारी र नेतृत्व पाउन पनि कठिन भएको छ । हाम्रो समाज देश हितभन्दा दल हिततिर उन्मुख छ । सेवाभन्दा पनि 'एनी हाउ पैसा कुम्ल्याऊ' भन्नेमा केन्द्रित देखिँदै छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२३ को प्रतिवेदन आएको धेरै भयो । दाँत कुँडिन्छ हेर्दाखेरि, के भनियो पहिले, के हुँदै छ देशमा अहिले !

'समृद्ध नेपाल, सुखी नेपाली'को नारा दिएर नथाक्ने हाम्रो लोकतन्त्र छ तर विगत १० वर्षमा कति नेपालीको ओइरो लाग्यो विदेशतिर, भनिरहनुपरेन । अन्तर्राष्ट्रिय परिवेश सधैं एकनास हुँदैन । खाडी वा मध्यपूर्वका देशमा कुनै संकट आयो भने सबै नेपाली फर्केलान्, तिनको एकैपल्ट व्यवस्थापनमा हाम्रो नेतृत्वको जमर्को के होला ? गत सालको जाजरकोटको भूकम्प, गत २२ असारको प्राकृतिक ताण्डव नृत्य र असोज दोस्रो हप्ताको दृश्य के रह्‍यो ? हामी फेरि बिर्सने भइसक्यौं । हाम्रो सुशासनको सुगा रटान जहिले पनि उस्तै छ ।

हाम्रो केन्द्रीय नेतृत्वमै खिया लागेको छ । सर्भिस डेलिभरी दिने स्थानीय तहमा दरबन्दी पूर्ति हुन सकेको छैन । ७५३ पालिकाहरूमध्ये २३५ पालिकाहरू निमित्तका भरमा चलेका छन्, प्रमुख प्रशासकीय अधिकृतहरू पठाउन सकिएको छैन । पालिका प्रमुखहरूको छत्रछायामा उनीहरूले भनेको काम गरिदिनुपर्ने, आफ्नो मनोबलले काम गर्न नपाउने वातावरण छ । कतिपयले आफ्नै मान्छे पूर्ति गर्न रुचाउँछन् । खेताला जस्तै गराएर आफ्नो हितविपरीतको आए हाजिर गर्नै नदिई फर्काउँछन् ।

सिमरा जितपुरका मेयरले कर्मचारी फर्काएको खबर छ । सुरक्षाको समेत अभाव महसुस भई मधेश प्रदेशमा कर्मचारी टिकाउन सकिएको छैन । कानुनले प्रशासन सेवाका कर्मचारी चाहन्छ तर शिक्षा, कृषि, भेटेरिनरी स्वास्थ्यका कर्मचारी तानेर प्रशासनको कार्य संचालन गर्ने गरिएको पाइन्छ । संघीयता भनियो, संघीय निजामती ऐन आएको छैन, 'एडहक बेसिस'मा निजामती प्रशासन संचालित छ ।

लोकतन्त्रमा जनप्रतिनिधिहरू नै अख्तियारको मुद्दा बोकिरहेका छन् । केन्द्रदेखि प्रदेश र तलसम्मकै कर्मचारीको सूची अख्तियारमा धेरै देखिएको छ । दलभित्र पनि गुट उपगुट भित्रै पसेर राजनीति गर्न नजान्ने कर्मचारी सिटमा टिक्न सक्दैनन् । चुनाव, उपचुनाव भनेकै समयमा हुने तर दरबन्दीअनुसारका कर्मचारी आपूर्ति गर्न नसक्ने हाम्रो लोकतन्त्रलाई के भन्ने ? नेतृत्वलाई के भन्ने ?

डेनमार्कले सुशासन सिकाएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको गत वर्षको सुशासनको सूचकमा अग्रपंक्तिमा आएको छ, यो देश । पूर्णांक १०० मा ९० पाएको छ । ८५ अंक पाएर फिनल्यान्ड र न्युजिल्यान्ड अघि आए । क्रमश: नर्वे, सिंगापुर, स्विडेन, स्विट्जरल्यान्ड, नेदरल्यान्ड्स, जर्मनी, लक्जेम्बर्ग अग्र १० स्थानमा आएका छन्, कसरी होला ?

हाम्रो नेतृत्वले देशलाई सिंगापुर बनाउने भन्यो, स्विट्जरल्यान्डको संघीयताको लोभ देखायो तर नेपाल बनाउँछु भनेन । नेतृत्व चीन जान्छ, ठूलै डफ्फा लिएर तर त्यहाँका राष्ट्रपतिले यहाँ आउँदा सुशासनमा ध्यान देऊ भनेका थिए ।

अमेरिका पनि हाम्रो नेतृत्व गइरहन्छ । त्यहाँको सुशासन सिकेर आउँदैन । भारत पनि सेवा प्रवाह र सुशासन, उत्पादन र अनुशासनमा अब्बल भइसकेको छ तर यहाँ भने दिनैपिच्छे काण्डहरू ओइरिएका छन् । सक्नेले गहुँत, सुन-पानी पाएका छन्, नसक्ने डामिएर बसेका छन् दिन काट्दै ।

एयरपोर्टमा सुन काण्ड, बालुवाटारमा ललिता निवास काण्ड, बिजुली बक्यौता नतिर्ने, एनसेल घोटाला, सुरक्षण मुद्रण, बाँसबारी जग्गा, नक्सालमा बाल मन्दिर काण्ड, झापामा गिरी बन्धु, नक्कली भुटानी शरणार्थीलगायतका कति काण्डहरू छन् देशमा । अब त कम्बोडिया अन्तर्राष्ट्रिय काण्ड पनि देखापरेको छ ।

दैनिक भ्रमण भत्ता लिँदै संघीयताको केन्द्रलाई भेट्न ११ महिनामा २२ पल्ट काठमाडौं नै आउने नेतृत्व पनि देशले उत्पादन गरेको छ, जापानले डिपोर्ट गर्दा 'नो नो' पनि भनिएको छ । राष्ट्रपतिलगायत पूर्वहरूले पाउने सुविधा र अन्य खर्च कति धेरै छ । समान दर्जामा समान तलब उपलब्ध गराउन खर्च धान्न सकिएन रे ! कस्तो नकच्चरो चाला हाम्रो ?

हाम्रो लोकतन्त्रमा नेता सुरक्षित तर जनता असुरक्षित । विरोध गर्‍यो भने लोकतन्त्रमाथिको प्रहार भनिन्छ तर लोकतन्त्रको आदर्श र यसको चरित्र पछ्याएको देखिन्नँ । परिवारमा सीमित छ लोकतन्त्र, जसरी राणा शासनमा सीमित घेरामा सीमित थियो ।

सन् २००४ देखि ट्रान्सपरेन्सी इन्टरनेसनलले विश्वभरिको



सुशासनको ग्राफमा नेपाललाई पनि समावेश गर्न थाल्यो । विगत १० वर्षदेखि नेपालले पाएको अंक झण्डै उस्तै छ । १, २ नम्बर तलमाथि होला । ५० अंक नपाउनेलाई सुशासनमा राम्रो मानिन्नँ ।

नेपालले सन् २०२३ को अंक ३५ पाएको, अघिल्लो वर्ष ३४ पाउँदा ११०औं स्थानमा थियो, अहिले १०८औं रहिरहँदा भ्रष्टाचारका काण्डहरू यसै वर्ष नै धेरै उजागर भए । सन् २०१२ मा २७ पाउँदा १३९औं, १३ मा ३१ पाउँदा ११६औं, १४ मा २९ पाउँदा १२६औं, १५ मा २७ पाउँदा १३०औं, १६ मा २९ पाउँदा १३१औं, १७ र १८ मा ३१ पाउँदा १२२ औं र १२४औं, १९ मा ३४ पाउँदा ११३औं, २० र २१ मा ३३ पाउँदा ११७ औं, २२ मा ३४ पाउँदा ११०औं र अहिले १०८ औं हुन पाउनु भनेको गर्व गर्ने विषय होइन । भुटानले ६८ अंक पाएर कसरी २६औं भयो होला ?

अहिले १८० देशको सूचीमा हाम्रो देश किन तल पर्‍यो ? फोटो खिचाउन त हामी ठूलाठूलासँग गयौं तर तिनको आचरण यहाँ किन पालन भएन ? दक्षिण एसियामै पनि भारत, माल्दिभ्समा भ्रष्टाचार कम किन होला ? संसारको हरिबिजोक राष्ट्रमा किन परेको छ ?

सोमालिया सुशासनमा, उसले जम्मा अंक ११ पाएको छ । भ्रष्टाचारको अग्रणी देशको नाममा आएको छ ऊ । भेनेजुएला र दक्षिण सुडानले १३ अंक पाएका छन् । यमनले १६ पाएको छ । यिनीहरूलाई हेरेर हामीले चित्त बुझाउने कि ?

प्रतिवेदन सार्वजनिक गर्दै भनिएको छ, नेपालमा सुशासनको अवस्था नाजुक छ, डरलाग्दो छ, दण्डहीनताको अवस्था छ, नेतृत्वमा स्वार्थको द्वन्द्व छ, सरकारी प्रयास फितलो छ, अधिकारको दुरुपयोग छ, सार्वजनिक पदाधिकारीमाथि कारबाही होइन, जोगाउने प्रयास भएको छ, व्यापार व्यवसायमा घूसखोरी छ, सूचनामा नागरिकको पहुँच छैन ।

वास्तवमा जहाँ जिम्मेवारीबोध, पारदर्शिता, जबाफदेही हुँदैन, सुशासनको अभाव हुन्छ र यस्तोमा लोकतन्त्र टिक्न सक्दैन, बाँदरको हातको नरिवल हुन्छ । अनुशासन, नीति, नैतिकता, इमानदारीको अभावमा जति कानुनको ठेली बने पनि कार्यरूपमा आउन सक्दैनन् ।

संविधान आफैं बोल्दैन, बोलाउनेहरू आफ्नो अनुकूलको परिभाषा गर्छन् । हाम्रो न्याय प्रणालीमै राजनीतिक भागबन्डा छ, शिक्षामा त्यस्तै छ, सबै कुरा पैसामै गएर अल्झिन्छ । आफ्नै परिवार र नातागोताभित्रकाले मात्र राज्य दोहन गर्न पाउनुपर्ने मान्यता बोकेको छ, हाम्रो संघीयता र लोकतन्त्रले । माटो सुहाउँदो विकासको मोडेल नै छैन । आफ्ना सन्तानलाई पद वितरण गर्ने प्रणाली रहुन्जेल सुशासनको सपना बेकार हुन्छ । दैनिक देखिएका घटनाहरूले सोको पुष्टि गरेकै छ ।

छानबिनको दायरा बाहिर राख्दै सबै विषय नीतिगत निर्णय भन्दै भ्रष्टाचारको मलजल हुँदै छ । त्यही सजिलो गर्न राष्ट्र प्रमुख आफ्नै मान्छे चाहिएको छ । आममाफी ककसले पाए, तक्मा, विभूषण, मान, पदवी ककसले पाए, स्पष्टै छ । कि मूल्यांकनकर्ता विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इन्साइट, वर्टेन्सम्यान फाउन्डेसन, वर्ल्ड जस्टिस प्रोजेक्ट, भीडीईएम जस्ता ६ अन्तर्राष्ट्रिय संस्थाहरूलाई विश्वास नगर्ने ?

साँघुरा र मापदण्डबिना, वडा अध्यक्षहरूको डोजरले पल्टाएको गाउँको उर्वर भूमि किन सिंचन भएन र आमयुवा खाडीतिर धकेलिए ? किन ठूलो व्यापार घाटा र ऋण छ देशमा ? किन यत्रो संघीयता पाल्नुपरेको र गणतन्त्रले देशलाई के दियो ? विशेष आर्थिक क्षेत्र सेजको परिकल्पना भएको कति वर्ष भयो ? किन अहिलेसम्म भैरहवा, सिमरा, पाँचखालका सेजहरूमा झिँगा भन्केका ?

ठूला विमानस्थल बनाउने किन होडबाजी ? १ घण्टाको बाटोमा अन्तर्राष्ट्रिय विमानस्थल किन थपिरहेको र अर्को बारामा बनाउन भनी रूख ढालेर पर्यावरणमा चुनौती किन त ? फास्ट ट्र्याक अलपत्र किन नि ? कति वर्षमा काम सकिने हो र ? विकास आयोजनाको निरन्तर म्याद थपेर लागत खर्च किन बढाइन्छ ? साँच्चै देशप्रेम गर्ने नेतृत्व देशले कहिले जन्माउँछ त ?

देशमा विप्रेषणको भारी बढ्दै गर्दा युवाहरूको विदेशमै मृत्युको ग्राफ पनि बढेकै छ । दलले देश बोकेन, देशमा धेरै समस्या छ, मिसन ८४ किन ? जतिबेला पनि चुनाव र आफ्ना मान्छेको मात्र तस्बिर देख्छन् दलका मान्छेहरू ।

आय आर्जनका ढोका बन्द छन्, कृषि उत्पादन छैन, तमाम वस्तुहरू किनेर खान नसक्ने अवस्था छ तर 'गाउँ फर्क अभियान' नै भएन । 'गाउँ छोडो अभियान' आयो । शहर पसेर पनि काम पाइएन, विदेश पनि कति जाने, के गर्ने ? 'बर्मा गए पनि कर्म त सँगै जान्छ', नेपाली उखान त्यसै बनाएनन् पुर्खाले ।

देशको राष्ट्रिय एजेन्डा नै आएन, केवल दलको एजेन्डाले देश समृद्ध हुँदैन । मान्छे नयाँ अनुहारका आए पनि यो प्रणालीबाट देश उँभो लाग्ने देखिएन, अब प्रणालीप्रति निर्मम प्रश्न उठिसकेको छ ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

उपनिर्वाचन परिणाम- एमाले सोचेजस्तो बलियो छैन रहेछ, माओवादी भनिएजस्तो कमजोर भइसकेको रहेनछ, कांग्रेसलाई कम्युनिस्टका ३ ठूला घटक एमाले, माओवादी र एसबीचको भोट काटाकाटले सिटमा फाइदा भयो, भोटमा खासै उन्नति छैन । अरू त्यस्तै उस्तै हो- ३ दशक लामो प्रवृत्तिले निरन्तरता पायो ।



**हरि रोका**

देशका प्रधानमन्त्रीलाई राष्ट्रिय ध्वजावाहक वाइडबडी र न्यारोबडी हवाईजहाज छँदाछँदै चार्टर्ड नगरी हिमालयन चढ्न स्वाद लाग्नु अलि अनौठो भएन ? संसारभर मुलुकका कार्यकारी प्रमुखहरू विदेश भ्रमणमा निस्कँदा राष्ट्रिय ध्वजावाहक नै चढ्ने प्रचलन भएकाले जिज्ञासा लागेर नि ?



**सेतेमान तामाङ**

विगतको नेतृत्वमा रहेका नेताहरू अक्षम र असफल नभएको होइन र कोही भ्रष्टाचार पनि थिए तर अराजकता र ठगचाहिँ थिएनन् भने वर्तमान केही नेतृत्वमा रहेका नेता भन्नेहरू असफल र अक्षमताको परीक्षण नहुँदै ठग र अराजकतामा केन्द्रित रहेका छन् ।



**विक्रम पाण्डेय**


दुई तिहाइको सरकार बनाएर संविधान संशोधन गरेर राप्रपाले म जस्ता धेरै राष्ट्रवादी साथीहरूको सपना पूरा गर्देला कि भनेको त ओखलढुंगामा मात्र ३ मत ल्याएछ । हरेस खाएँ मैले त, राजा र हिन्दु धर्मको ठूलो पसल पनि बन्द हुने देखियो । हाम्रो यो सपना पनि हुरीले उडाइदिने भयो । हे राम राम !!

## इतिहासमा आज

४ डिसेम्बर १९७१ मा भारतीय नौसेनाले पाकिस्तानका नौसेनामाथि कराँचीमा आक्रमण गरेको थियो ।



४ डिसेम्बर १९९६ मा अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले मंगल ग्रहका लागि एउटा अर्को अन्तरिक्ष यान 'मार्स पाथफाइन्डर' प्रक्षेपण गरेको थियो ।



४ डिसेम्बर १९५९ मा नेपाल र भारतबीच गण्डकी सिँचाइ एवं जलविद्युत् परियोजनामा हस्ताक्षर भएको थियो ।



४ डिसेम्बर १९१९ मा भारतका पूर्वप्रधानमन्त्री इन्दर कुमार गुजरालको जन्म भएको थियो ।



## मेरो मत

# पहिचान पक्षधरको पक्षमा मत !

मधेश प्रदेशमा स्थानीय तहका ७ स्थानका लागि भएको उपनिर्वाचनमा जसपा नेपाल र कांग्रेसलाई २/२ स्थान र बाँकी एमाले, माओवादी र एकीकृत समाजवादीलाई १/१ स्थान प्राप्त भएको छ । जसपा नेपालले विगतमा रौतहटको गढीमाई- ८ मा प्राप्त गरेको १ सिट गुमाएको छ भने सप्तरी डाक्नेश्वरी नगरपालिका- १ र ४ मा कांग्रेसले जितेका २ स्थान आफ्नो पक्षमा पार्न सफल भएको छ । बाँकी स्थानहरूमा पनि जसपा नेपालले सम्मानजनक मत नै प्राप्त गरेको छ ।

२०८१ सालको उपनिर्वाचन परिणामले मधेश प्रदेशमा जसपा नेपाललाई मधेशका नागरिकले प्रमुख शक्तिकै रूपमा स्वीकार गरेका देखिन्छ । बाँकी मधेश केन्द्रित दलहरू जनमत र लोसपालाई ठूला दलले ललिपप देखाए पनि मधेशका नागरिकले तिनीहरूलाई पूर्ण रूपमा अस्वीकार गरेका देखिन्छ । तर, जसपा नेपाल यसबाट सन्तुष्ट हुनु जरुरी छैन किनकि यसको जन्म केही सिट स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभा सदस्यमा सीमित रहनका लागि भएको होइन । यसको जन्म पहिचानसहितको समृद्ध संघीयता, समावेशी लोकतन्त्र, सामाजिक न्याय र समाजवादी व्यवस्थासहितको मधेशीलगायत पछाडि पारिएका नागरिकहरूको मुक्तिका लागि भएको हो ।

उपनिर्वाचनको परिणामले स्पष्ट रूपमा पहिचानवादी मधेशी, जनजाति एवं उत्पीडित जाति, क्षेत्रलगायतका शक्तिहरू कमजोर हुँदै जाने संकेत गरेको छ भने यथास्थितिवादी तथा पहिचानसहितको संघीयताविरोधी शक्ति मधेशमा सबल हुँदै गएको तर्फ अधिकारवादी आन्दोलनकारी शक्तिहरूले समयमै गम्भीरतापूर्वक सोच्न जरुरी छ । नश्लीय व्यवस्थाको विरुद्धमा एकताबद्ध भएर संघर्ष गर्नँपर्ने शक्तिहरू नै एकआपसमा स-साना स्वार्थका लागि फुट्ने र शासक वर्गको गुलामी गर्ने प्रवृत्तिले आलोपालो सबैको विघटन र विनाश अवश्यंभावी छ ।

तसर्थ, सबैले आ-आफ्नो इगो त्यागौं, सम्पूर्ण पहिचान पक्षधर शक्तिहरूबीच संविधानको संशोधन, संघीयताको सफल कार्यान्वयन एवं भ्रष्टाचारविरुद्ध संघर्षका लागि मोर्चाबन्दी गरौं । अन्यथा, देशमा भइरहेको कुशासन, लुटतन्त्र, कालोबजारी एवं चरम बेरोजगारीको विरुद्धमा हुने विद्रोहले सबैलाई एकनासले दण्डित गर्न सक्छ र मुलुक अझै दिशाविहीन यात्रातर्फ जान सक्छ ।

**– रामकुमार शर्मा, नवलपरासी**

# दासताविरुद्धको अभियान

व्यक्तिले व्यक्तिलाई प्रत्यक्ष दास बनाउने प्रथाको पुरानै संस्कार, रूप र अंशमा त उन्मूलन गर्ने घोषणाहरू प्रायः संसारभर नै भएका छन् । समानता, स्वतन्त्रता, स्वाभिमान र मानवअधिकारका चर्का र ठूला कुरा पनि गरिन्छन्, गरिएका छन् । तर, सारमा र समग्रमा नयाँ स्वरूप, संरचना र संस्कार-संस्कृतिमा दासता विकास भइरहेको छ । राजनीतिक, आर्थिक र सामरिक रूपले व्यक्ति मात्र होइन, सिंगो संस्था, संगठन, पार्टी र राज्यलाई नै दास बनाएर खुलेआम शोषण, दमन, हत्या, लुटखसोट मच्चाउने शैली विकास भएको छ । विगतमा देखिएका स्वरूप भन्दा पनि घातक र खतरनाक स्वरूप दिन प्रतिदिन बढ्दै गइरहेको छ ।

यसको थालनी, संचालन, संरक्षण र सम्बर्द्धन धनी, ठूला र शक्तिशाली भनाउँदा राष्ट्रहरूले नै गरिआएका छन् । दुःखको कुरा, तिनै राष्ट्रहरूको माझमा बसेर शक्ति सम्पन्न राष्ट्रहरूद्वारा कमजोर र गरिब राष्ट्रहरूमाथि भए गरेका यसखाले अप्रिय ज्यादतीहरूलाई संयुक्त राष्ट्रसंघले हेर्ने मात्र गरेको छ ।

दासता पूरै उन्मूलन गर्ने नौटंकीपूर्ण प्रतिबद्धता पनि व्यक्त गरिन्छन् तर भित्रभित्रै तिनै नेता, शासकहरूले आफ्ना मातहतका कार्यकर्ता, कर्मचारीहरूलाई नोकर, दास, दलाल र गुलाम बनाउँछन् । यस्ता बनून् भन्ने चाहना राख्दै कामनासमेत गर्छन् । उनीहरू एकातिर यस्तो गर्छन् भने अर्कातिर धनी र सम्पन्नशाली व्यक्ति र शक्तिका प्रति त उनीहरू स्वयं नै भक्ति, स्तुति र चाकरी गर्दै दलाली र गुलामीसमेत गर्छन् ।

सँगसँगै उनीहरूले नै गरिब र कमजोर देश र जनतालाई पनि शक्तिशाली राष्ट्रका दास बनाउँछन् र बनाइरहेका छन् । सम्पूर्ण राष्ट्र र मानव जातिले दासता र दासताका कारणहरूबाट स्वाधीनता र मुक्ति पाउन सकौं । नारा होइन, व्यवहारमा दासताको बन्धनलाई तोडौं !

**– नारायण शर्मा, कपिलवस्तु**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

## कर्णाली उपनिर्वाचन

# कांग्रेसलाई धक्का, माओवादी कमजोर

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १८ मंसिर

स्थानीय तहको उपचुनावअन्तर्गत कर्णाली प्रदेशमा नगरपालिका उपप्रमुख एक, गाउँपालिका अध्यक्ष एक, गाउँपालिका उपाध्यक्ष एक र पाँच वडाध्यक्ष गरी आठ पदका लागि मतदान भएको थियो । कर्णालीका सबै ठाउँको नतिजा आइसकेको छ । कर्णालीमा नेकपा माओवादी केन्द्रले ३, नेपाली कांग्रेसले २ ठाउँमा जित निकालेको छ । यस्तै नेकपा एमाले दुई, नेमकिपा एक ठाउँमा विजयी भएको छ ।

### कांग्रेसलाई धक्का

२०७९ को स्थानीय तह निर्वाचनमा जितेको ठाउँमा नेपाली कांग्रेसलाई यसपटकको उपनिर्वाचनमा धक्का लागेको छ । गत निर्वाचनमा कांग्रेसले प्रभाव जमाएर जितेको दैलेखको महाबुमा आइतबार भएको उपनिर्वाचनमा धक्का लागेको हो । महाबु गाउँपालिकाको अध्यक्ष अघिल्लोपटक कांग्रेसले जितेको थियो । तर उपनिर्वाचनमा एमाले विजयी भएको छ । महाबुमा एमालेका जंगबहादुर शाही ३ हजार १२७ मत ल्याएर विजयी भएका हुन् ।

कांग्रेस उम्मेदवार झलक भण्डारीले २ हजार ६७५ मत ल्याए । अघिल्लोपटक महाबुमा कांग्रेसका लछुमन गुरुङ २ हजार ९२९ मत ल्याएर विजयी भएका थिए । एमालेका हरिप्रसाद उपाध्यायले २ हजार ५११ मत प्राप्त गरेका थिए । महाबुमा कांग्रेसको विरासत तोडिएसँगै २०७४ पछि एमाले पुनः विजयी भएको हो । कांग्रेसले यस पटकको चुनावमा विरासत गुमाएको छ । महाबुमा कांग्रेसले युवानेता झलकबहादुर भण्डारीलाई अगाडि सारेर अध्यक्षमा आफ्नो निरन्तरता दिन खोजेको थियो ।

यस्तै २०७९ मा नलगाडमा कांग्रेसको भागमा परेको उपप्रमुख पद माओवादीले खोसेको छ । यहाँ कांग्रेस सहानुभूतिको मात्र नभइ भूगोलको समेत मत तान्ने योजनामा थियो । जसका लागि उसले दिवंगत उपमेयर सरिता सिंहकी भाइ बुहारी इन्द्रा चन्द (सिंह)लाई उम्मेदवारका रूपमा अघि सार्‍यो भने अन्य उम्मेदवार नलगाड खोलावारी रहेका र आफ्नो मात्र उम्मेदवार खोलापारिको भनेर मतदातासमक्ष गयो ।

अधिकांश वडा नलगाड खोलापारी नै छन् । तर, कांग्रेसको यो रणनीति जित निकाल्न पर्याप्त भएन । सहानुभूतिको मत बटुल्ने प्रयास गरेका थिए । तर, परिणाम कांग्रेसको पक्षमा आएन । नलगाड नगरपालिकाको उपप्रमुख पदमा माओवादीकी उम्मेदवार देवका लामिछाने विजयी भइन् । लामिछानेले नेपाली कांग्रेसकी उम्मेदवार इन्द्रा चन्द (सिंह) लाई पराजित गरेकी हुन् । लामिछानेले ४ हजार २७२ मत प्राप्त गरी चन्दलाई हराएकी हुन् । चन्दले ३ हजार १४७ मत प्राप्त गरी पराजित भएकी छिन् ।

इलाकामै माओवादी कमजोर !

तत्कालीन माओवादी जनयुद्धको आधार इलाकाका रुपमा परिचित रुकुम पश्चिमको एक वडामा माओवादीको विपक्षमा उपनिर्वाचनको नतिजा आएको छ । आइतबार सम्पन्न स्थानीय तह उपनिर्वाचनको नतिजाअनुसार रुकुम पश्चिमको सानीभेरी गाउँपालिका वडा नम्बर-५ मा कांग्रेसका उम्मेदवार विजयी भएका छन् ।

कांग्रेसका मोतीराम खत्री ५९० मत ल्याएर विजयी भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रका जसीराम बस्नेतले ५३७ मत ल्याए । यहाँ १ हजार १४६ मत खसेको थियो । सशस्त्र द्वन्द्वकालमा माओवादीको आधार इलाका मानिने रुकुमको यस स्थानमा अघिल्लो चुनावमा पनि कांग्रेसले नै जितेको थियो ।

यस्तै जाजरकोटको कुशे गाउँपालिका वडा नम्बर ७ मा माओवादीको सिट कांग्रेसले नै खोसेको छ । त्यहाँ नेपाली कांग्रेसका खम्बबहादुर सिंह विजयी भएका छन् । नेकपा माओवादी केन्द्रका गोरखबहादुर नेपालीलाई १५ मतले पराजित गर्दै सिँह विजयी भएका हुन् । विजयी सिंहले ३४७ मत प्राप्त गरेका छन् । उनका निकटतम प्रतिस्पर्धी नेकपा माओवादी केन्द्रका गोरखबहादुर नेपालीले ३३२ मत प्राप्त गरे ।

यसअघि माओवादीका मनबहादुर घर्ती उक्त वडामा निर्वाचित भएका थिए । यसैगरी कालीकोटको तिलागुफा नगरपालिका-४ को वडाध्यक्षमा नेपाल मजदुर किसान पार्टीका उम्मेदवार खड्कबहादुर शाही विजयी भएका छन् । उनी १४३ मत ल्याएर वडाध्यक्षमा निर्वाचित भएका हुन् । उनका प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रकी नैसोभा शाहीले ११५ मत प्राप्त गरेकी छन् । २०७९ को स्थानीय तहको निर्वाचनमा यस वडामा नेकपा माओवादीकेन्द्रले निर्वाचन जितेको थियो ।

### एमालेलाई सबक

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-५ को वडाध्यक्षमा नेकपा माओवादी केन्द्रका नरबहादुर झाँक्री विजयी भएका छन् । उनले १६१ मत प्राप्त गर्दै वडाध्यक्षमा निर्वाचित भएका हुन् । उनका प्रतिद्वन्द्वी नेकपा एमालेका नरबहादुर रोकाले ११६ मत प्राप्त गरेका छन् ।

यस्तै, नेपाली कांग्रेसका राजेन्द्रप्रसाद न्यौपानेले २१ मत प्राप्त गरेका छन् । २०७९ सालमा भएको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट वडाध्यक्षमा निर्वाचित नन्दलाल रोकाको दमका कारण गत माघमा निधन भएपछि पद रिक्त थियो । त्यतिबेला नेकपा एमालेबाट निर्वाचित भएका रोकाले १ सय ८ मत प्राप्त गरी माओवादीका जंगबहादुर रोकायलाई पराजित गरेका थिए ।

### रास्वपाको मत नगन्य, जमानत जफत !

कर्णाली प्रदेशमा भएको स्थानीय तहको उपचुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ३७४ मत पाएको छ । आइतबार सम्पन्न उपचुनावको मतदानमा कर्णालीका पाँच पालिकामा रास्वपाका उम्मेदवारले अपेक्षित मत प्राप्त गर्न सकेनन् । जाजकोटको नलगाड नगरपालिकाको उपप्रमुखका लागि भएको निर्वाचनमा रास्वपा उम्मेदवार पार्वती पुनले १७९ मत प्राप्त गरिन् । यस्तै, दैलेखको महाबु गाउँपालिकाको अध्यक्ष पदको उम्मेदवार रहेका रास्वपाका प्रकाशकुमार बुढाले ११२ मत प्राप्त गरेका छन् ।

कालीकोटको तिलागुफा नगरपालिका- ४ को वडाध्यक्ष पदको उम्मेदवार रहेका गगन बमले ५ मत प्राप्त गरे । यस्तै, दैलेखको दुल्लु नगरपालिका-१३ को वडाध्यक्ष पदका उम्मेदवार रामबहादुर शाहीले ५३ मत प्राप्त गरेका छन् भने हुम्लाको सर्केगाडमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की बाँचा बुढाले २५ मत पाप्त गरेका छन् । रास्वपा उम्मेदवारहरूले अधिकांश ठाउँमा जमानत समेत जोगाउन सकेनन् ।

# बेलका- ९ मा घिमिरे विजयी



**उदयपुर/मस-** उदयपुरको बेलका-९ को वडाध्यक्षमा नेकपा माओवादी केन्द्रका भरत घिमिरे विजयी भएका छन् । घिमिरेले ५५९ मतसहित विजयी भएको निर्वाचन आयोगले जनाएको छ ।

उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका मोहन खड्काले ५२५ मत प्राप्त गरे । त्यस्तै नेपाली कांग्रेसका नवराज बस्नेतले ४०४, जनता समाजबादी पार्टीका राजकुमार राईले २०७ मत, राष्ट्रिय स्वतन्त्र पार्टी १२३, राष्ट्रिय प्रजातन्त्र पार्टीका टिका प्रसाद फुयाल २७ तथा नेशनल मंगोल नेशनल अर्गनाइजेशनका सूर्य तामाङले ५ मत प्राप्त गरेका छन् ।

# वृद्धाश्रमलाई सहयोग



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १८ मंसिर

स्याङ्जा सहयोग समाज कतारले आफ्नो १९औं वार्षिकोत्सवको अवसरमा वृद्धाश्रममा वासिङ मेसिनसहित भौतिक सामग्री सहयोग स्वरूप हस्तान्तरण गरेको छ । वार्षिकोत्सवको अवसरमा आयोजित 'रामनदीधाम वृद्धाश्रम सहयोगार्थ बृहत् सांस्कृतिक कार्यक्रम २०२४' सम्पन्न भएसँगै उक्त सहयोग गरिएको समाजले जनाएको छ ।

यस कार्यमा उपस्थित भएर साथ सहयोग गर्ने र १९औं वार्षिकोत्सवमा सहयोग गर्ने सम्पूर्ण सहयोगी हातहरूप्रति समाजका अध्यक्ष प्रकाश परियारले कृतज्ञता ज्ञापन गरे । स्याङ्जा सहयोग समाज अन्तर्राष्ट्रिय समन्वय समितिको समन्वय समितिका अध्यक्ष वीरेन्द्र जंग के.सी. प्रमुख आतिथ्यतामा एक कार्यक्रमका बीच जिल्लाको स्याङ्जा गल्याङ्ग नगरपालिका वडा नम्बर १ अवस्थित रामनदीमा शिव पार्वती वृद्धाश्रममा उक्त सामग्री हस्तान्तरण गरिएको थियो ।

यता समाज कतारले आउँदो शुक्रबारको दिन सनैयास्थित फूलबारी रेस्टुरेन्टको सभा हलमा नवौं अधिवेशनको तयारीलाई तीव्रता दिएको छ । समाजले कतारमा स्थापित सम्पूर्ण संघ-संस्थाका प्रमुख तथा प्रतिनिधि, सामाजिक अभियन्ता, व्यवसायी, पत्रकारलगायत कतारमा रहेका स्याङ्जाली तथा गैर स्याङ्जालीहरुलाई उपस्थितिका लागि अनुरोध गरेका छन् ।


**Invitation for Bids**

**Dharan Sub-Metropolitan City**

**Office of Municipal Executive**

**Invitation for Bids No: 07/DHARAN/GOODS/SQ/081/82**

**Date of publication:-04-12-2024 07:00 AM**

1. *Dharan Sub Metropolitan City* invites electronic bids from Nepalese eligible bidders for the **Supply and Delivery of Computer and Computer Accessories** under National Competitive Bidding procedures. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 19-12-2024 12:00 hours at the office of Dharan Sub- Metropolitan City Office, Dharan. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np/egp.

**युएईमा रोजगार** कम्पनी : MEERAJ FACILITIES MANAGEMENT SERVICES L.L.C शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०८/१७ चलानी नं.: ६०२२९०५९ L.T. No.: 314783

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Butcher | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 2 | 0 | | 1200 | ४४१७२ | | | | | | | |
| 3. | General Worker/Kitchen Helper | 2 | 0 | | 800 | २९४४८ | | | | | | | |
| 4. | Resturant Worker | 25 | 0 | | 1000 | ३६८१० | | | | | | | |
| 5. | Storekeeper | 1 | 0 | | 1500 | ५५२१५ | | | | | | | |
| 6. | Waiter | 18 | 0 | | 1000 | ३६८१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २६ गते (11 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No. 1240/074/075
**Alert Overseas Pvt. Ltd.**
Tokha Road Samakhusi, Kathmandu Nepal, Tel: 4362382, Mobile: 9801055881/ 9801055882
E-mail : info@alertoverseas.com.np, alertoverseas.np@gmail.com, Web.: www.alertoverseas.com.np

**साउदीमा रोजगार** कम्पनीः VOLT ARABIA CONTRACTING COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०८/१४ चलानी नं.: ६०२२९१२२ L.T. No.: 314621

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Power Line Labour | 3 | 0 | स. काममा दक्ष | 2000 | ७१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २६ गते (11 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


श्रम इजाजत नं. १०९/०५४/०५५
**Dynamic Sales & Services (P) Ltd.**
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com

**कुवेतमा रोजगारको अवसर** कम्पनी : TIME SURE CONSUMER ORDERS DELIVERY CO. शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०८/१२ चलानी नं.: ६०२२८८०३ L.T. No.: 314452

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४४००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 37 | 0 | | 140 | ६१६०० | | | | | | | |

कम्पनी : BEIT BADAWIYA FOOD EQUIPMENT शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०८/१० चलानी नं.: ६०२२८५८५ L.T. No.: 314230

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 4 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५२८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook Arab Food | 3 | 0 | | 170 | ७४८०० | | | | | | | |

कम्पनी : DAR AL-KUWAIT FACILITIES SECURITY COMPANY शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०८/०९ चलानी नं.: ६०२२८५१४ L.T. No.: 314046

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard/guard | 14 | 0 | स. काममा दक्ष | 135 | ५९४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २६ गते (11 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**Fusion International Pvt Ltd** Gov License No: 283/058/059
Panchakumari Marga, New Baneshwor,Kathmandu, Nepal
Tel 01-4465326 | 9805672246 Email: info@fusionintlpvt.com
Website:www.fusionintlpvt.com

**साउदीमा रोजगार** | कम्पनीः KANF REAL ESTATE COMPANY शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०८/१७ चलानी नं.: ६०२२९१२६ L.T. No.: 314620

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः BAB AL LAME BUILDING MAINTENANCE शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/१८ चलानी नं.: ६०२२९१३८ L.T. No.: 314805

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,१७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 3 | 0 | | 1200 | ४४,१७२ | | | | | | | |
| 3. | Pipe Fitters | 5 | 0 | | 1200 | ४४,१७२ | | | | | | | |
| 4. | Steel Fixture/Civil Mason | 2 | 0 | | 1200 | ४४,१७२ | | | | | | | |
| 5. | Wall Painter | 3 | 0 | | 1200 | ४४,१७२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २६ गते (11 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.** श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9818106406, 9813571379, 9802853456, Chitwan : 9865087111 Ithari : 9851060167, Pokhara: 9802853454

**ओमनमा रोजगार** कम्पनी : JOUD HOUSE OF EXCELLENCE शहरः MUSCAT
पूर्व स्वीकृत मितिः २०८१/०८/१८ चलानी नं.: ६०२२९१४३ LT. No.:314836

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters/Coffee Agents | 1 | 0 | स. काममा दक्ष | 170 | ६००३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २६ गते (11 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Sinamangal 9 Kathmandu, Nepal Tel.: 01-4111301 Mobile: 9842036587, 9869317171, 9847497631
9763228777, 9803515104, 9862504026, 9827685565, 9807322773, 9847497631, 9815604031

**कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, धादिङ्वेशी शाखाको ३५ दिने सार्वजनिक सूचना ।।**

(प्रकाशित मिति : २०८१/०८/१९ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी वक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| क्र.सं. | ऋणीहरूको नाम र ठेगाना : |
|---|---|
| १. | खम्से तामाङको नाती, सिरप तामाङको छोरा, धादिङ जिल्ला, गंगाजमुना गा.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **याङ बहादुर तामाङ** । |
| २. | नेपाल सरकार वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. ९६७/०६७/०६८ कायम भई मिति २०६८/०२/३१ मा दर्ता भएको धादिङ जिल्ला, रि गा.वि.स. वडा नं. ७ स्थित **याङ बहादुर सप्लायर्स** । |
| **ऋणी १ को व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** | |
| १. | छेकु लामा तामाङको छोरी, याङ बहादुर तामाङको श्रीमती, धादिङ जिल्ला, रि गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **आईतीमाया तामाङ** । |
| **ऋणी २ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | खम्से तामाङको नाती, सिरप तामाङको छोरा, धादिङ जिल्ला, गंगाजमुना गा.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **याङ बहादुर तामाङ** । |
| २. | छेकु लामा तामाङको छोरी, याङ बहादुर तामाङको श्रीमती, धादिङ जिल्ला, रि गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल निलकण्ठ न.पा. वडा नं. १२ बस्ने **आईतीमाया तामाङ** । |
| **ऋणी १ र २ को धितो सुरक्षणको विवरण :** | |
| १. | **याङ बहादुर तामाङ**को नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, साङकोष गा.वि.स/न.पा. वडा नं. ३ स्थित नक्सा सीट नं. ३घ को कित्ता नं. ३१४८ को ०-४-०-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| **क्र.सं.** | **ऋणीहरूको नाम र ठेगाना :** |
| ३. | नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभागमा प्रा.फ.र.नं. २४८०/०७२/०७३ स्थानीय व्यापार कायम भई मिति २०७२/०४/१२ मा दर्ता भएको धादिङ जिल्ला नीलकण्ठ न.पा. वडा नं. १२ स्थित **पुष्पा पुस्तक एण्ड स्टेशनरी** । |
| ४. | शर्मानन्द लम्सालको नाती, गजेन्द्र प्रसाद लम्सालको छोरा, धादिङ जिल्ला, मुरलीभञ्ज्याङ गा.वि.स./उ.म.न.पा वडा नं. ५ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं ३ बस्ने **दयाराम लम्साल** । |
| **ऋणी ३ को व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** | |
| ३. | शर्मानन्द लम्सालको नाती, गजेन्द्र प्रसाद लम्सालको छोरा, धादिङ जिल्ला, मुरलीभञ्ज्याङ गा.वि.स./उ.म.न.पा वडा नं. ५ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं ३ बस्ने **दयाराम लम्साल** । |
| **ऋणी ३ र ऋणी ४ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | तोयानाथ पोखरेलकी छोरी, दयाराम लम्सालकी श्रीमती, धादिङ जिल्ला, साङ्कोष गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं ३ बस्ने **सीता लम्साल** । |
| २. | गजेन्द्र प्रसाद लम्सालको नाती, दयाराम लम्सालको छोरा, धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं ३ बस्ने **प्रदिप लम्साल** । |
| **ऋणी ३ को धितो सुरक्षणको विवरण :** | |
| १. | **सीता लम्साल**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला निलकण्ठ गा.वि.स/न.पा. वडा नं. ५ को नक्सा सीट नं. ५च को कित्ता नं. १०७८ को ०-१-२-३.५ (रोपनि) क्षेत्रफल रोपनी रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| **ऋणी ४ को धितो सुरक्षणको विवरण :** | |
| १. | **सीता लम्साल**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला निलकण्ठ गा.वि.स/न.पा. वडा नं. ५ को नक्सा सीट नं. ५च को कित्ता नं. १०७८ को ०-१-२-३.५ (रोपनि) क्षेत्रफल रोपनी रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २. | **दयाराम लम्साल**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला साङ्गोष गा.वि.स/न.पा. वडा नं. ३ को नक्सा सीट नं. ३ग को कित्ता नं. ९१७ र ९२६ को ०-१०-२-२ र ०-१३-१-३ (रोपनि) क्षेत्रफल रोपनी रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

**CYPRUS मा रोजगार** कम्पनीः MAVROMATIS EMPLOYMENT BUREAU LTD शहरः LARNACA
पूर्व स्वीकृत मितिः २०८१/०८/०६ चलानी नं.: ६०२२९११० L.T. No.: 313946

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ५६,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ मंसिर २६ गते (11 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**CROWN OVERSEAS CONSULTANCY PVT. LTD.** Gov. License No.: 225/058/059
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com

**JORDAN मा रोजगार** कम्पनीः REVERA FLOWER CO. शहरः AMMAM
पूर्व स्वीकृत मितिः २०८०/०५/१८ चलानी नं.: ६०२१९९५० LT. No.: 305175 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/ Housemaid | 37 | 0 | सम्बन्धित काममा दक्ष | 300 | ४०,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | House Cleaner | 10 | 0 | | 300 | ४०,५६६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २६ गते (11 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |


